जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १०० • २०८१ साल भाद्र ११ गते मंगलबार (27 August, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-



## जसपा नेपालमा पदाधिकारी चयन

# केन्द्रीय समितिलाई पूर्णता, केन्द्रीय समितिहरु गठन, बारालाई लोप्पा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको महाधिवेशन सम्पन्न भएको साढे दुई महिनापछि पदाधिकारी चयन गरिएको छ ।

अध्यक्ष उपेन्द्र यादवले सोमबार चयन गरेका पदाधिकारीहरुमध्ये रकम चेम्जोंग सहअध्यक्ष बनेका छन् । उनी सहअध्यक्षमा महाधिवेशनमा उम्मेदवारी दिएका थिए । तर चुनाव जित्ने उनको सम्भावना न्यून थियो ।

सहअध्यक्षका लागि सर्वाधिक प्रतिनिधिको समर्थन पाएका राजकिशोर यादवलाई उपाध्यक्षमा झारिएको छ । संशोधित विधान अनुसार ५ जना उपाध्यक्षमा यादवसहित, मृगेन्द्रकुमार सिंह यादव, गोविन्द चौधरी, शिवलाल थापामगर र विद्युत बज्राचार्य रहेका छन् । तर उपाध्यक्षमा भने महिलालाई स्थान दिएको छैन ।

त्यसैगरि महासचिवमा लालबाबु राउत र रामकुमार शर्मालाई मनोनित गरिएको छ । उपाध्यक्ष रहिसकेका राउतलाई एकतह तल झारेर महासचिवमा र हालै पार्टी प्रवेश गरेका शर्मालाई महासचिवमा नियुक्त गरिएको छ । शर्माको नियुक्तिप्रति पार्टीमा व्यापक असन्तुष्टि देखिएको छ ।

अध्यक्ष यादवले प्रकाश अधिकारी , दीपक कार्की र रेखा यादवलाई उपमहासचिव नियुक्त गरेका छन् । अधिकारी सिरहाबाट, कार्की धनुषाबाट र यादव मोरंगबाट प्रतिनिधित्व गर्छन् ।



त्यसैगरि सचिवमा लीला सिटौला, शैलेन्द्र साह, सुनी लामा, राजकुमार राई, सुरेश मण्डल, लाक्पा शेर्पा, कमरूद्दिन राईलाई नियुक्त गरिएको छ । भने कोषाध्यक्षमा सुरिताकुमारी साहलाई अध्यक्ष यादवले चयन गरेका हुन् ।

गत वर्ष जसपा नेपालमा प्रवेश गरेकी साह प्रदेश सरकारमा पटक पटक मन्त्री बनेकी हुन् । उनलाई कोषाध्यक्षमा मनोनित गरेपछि पार्टीका पुराना नेताहरु असन्तुष्ट देखिएका छन् ।

महोत्तरीबाट जसपा नेपाल तत्कालै प्रवेश गरेर ठूला पद पाउनेमा महासचिव शर्मा र कोषाध्यक्ष साह छन् । उनीहरुलाई पदाधिकारीमा चयन गरिएपछि कयौं नेताहरुले मोबाइलको स्वीच अफ गरी बसेका छन् । उच्चस्रोतका अनुसार अध्यक्ष यादवले कोषाध्यक्ष बनाउनेमा विश्वस्त रहेका ठेकेदार बलराम महतो निराश भएका छन् ।

'हारेको सहारा, हमारा बारा' को नारा दिएर उपचुनावमा उपेन्द्र यादवलाई जिताउने बारा जिल्लालाई पदाधिकारी र कार्यकारिणी समितिमा कुनै स्थान नदिइ लोप्पा खुवाएको छ । मधेश प्रदेशको निवर्तमान मुख्यमन्त्री केन्द्रीय समितिमा सीमित भएका छन् । विगतमा उनी कार्यकारिणी समितिमा रहेका थिए । सप्तरीबाट नराम्ररी पराजित भएका अध्यक्ष यादवलाई बाराको उपचुनावबाट भारी मतले विजयी गराइएको थियो । त्यसपछि उनी स्वयं उपप्रधानमन्त्री बनेको कारण पार्टी विभाजित भएको यथार्थ रहेको छ । जसपा नेपालमा अध्यक्ष यादवले एकपटक काम लिएपछि बिर्सिने गरेको आरोप बाराका पार्टी कार्यकर्ताहरुले आरोप लगाएका छन् ।

मधेश प्रदेशका चर्चित अर्थमन्त्री सञ्जय कुमार यादव पनि केन्द्रीय समितिमा सीमित भएका छन् । मुद्दा लागेर समस्यामा रहेका पूर्व कोषाध्यक्ष विजय यादवलाई केन्द्रीय सदस्यमा समेत स्थान दिएको छैन ।

अध्यक्ष यादवले केन्द्रीय समितिहरु गठन गर्नुका साथै रिक्त रहेका २७ जना केन्द्रीय सदस्यको समेत मनोनयन गरेका छन् । पार्टीको संशोधित विधानमा केन्द्रीय समितिमा कूल २ सय ४१ सदस्य रहने र महिला ३३ प्रतिशत रहने प्रावधान छ ।









# देशभर वर्षाको सम्भावना

काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । साथै मनसुनको न्यूनचापीय रेखा पश्चिमतिर सरदर स्थानमा दक्षिणतिर र पूर्वीतिर सरदर स्थानको आसपास अवस्थित रहेको जनाइएको छ । जल तथा मौसम विज्ञान विभागद्वारा सोमबार जारी मौसम बुलेटिनका अनुसार हाल देशभर आंशिकदेखि साधारणतया बदली रहेको छ भने कोशी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा भइरहेको छ ।

विभागका अनुसार सोमबार दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहने छ । सातै प्रदेशका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी प्रदेशको पहाडी भूभागका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकोबुलेटिनमा उल्लेख छ ।

यसैगरी, सोमबार राति कोशी, मधेस, बागमती र गण्डकी प्रदेशलगायत देशको पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा आंशिक बदलीदेखि मुख्यतया सफा रहनेछ । कोशी, बागमती र कर्णाली प्रदेशका थोरै स्थान तथा बाँकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ ।

सबै प्रदेशका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको पनि जनाइएको छ । कोशी प्रदेशको पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले ती क्षेत्रमा हुनसक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयको जोखिम वा क्षतिबाट बच्न विभागले आग्रह गरेको छ । साथै यसबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन विभागले अनुरोध छ ।रासस

# सरकारले अपराधी नसमाउ, निर्दोष फसाउ र दोषीलाई छाड भन्दैन : प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको शान्तिसुरक्षाको प्रमुख जिम्मेवारीमा रहेको नेपाल प्रहरीले आपराधिक घटनाको पूर्वअनुमान र अनुसन्धान गरी त्यस्ता घटना हुन नदिनेतर्फ सदैव सचेत भएर काम गर्न निर्देशन दिनुभएको छ ।जिल्ला प्रहरी परिसर काठमाडौँकोकाठमाडौँमहानगरपालिका-११ भद्रकालीस्थित नवनिर्मित भवनको आज उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले अस्थिरता र अराजकता मच्चाउन खोज्ने प्रयासप्रति हरदम सचेत भएर जनतालाई शान्ति सुरक्षा दिने मामिलामा दृढताका साथ काम गर्न नेपाल प्रहरीलाई निर्देशन दिनुभयो ।




उहाँले भन्नुभयो, "वर्तमान सरकारले कुनै पनि अपराधीलाई नसमाउ भन्दैन, निर्दोषलाई फसाउ भन्दैन र दोषीलाई छाड्दैन ।" वर्तमान सरकार देश र जनताको पक्षमा केही गरौँ भन्ने भावनाका साथ गठन भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले संविधान र कानुनबमोजिम कर्तव्य निर्वाह गर्न उन्नत ज्ञानको प्रयोग गरी जनतालाई गुणस्तरीय सेवा दिन निर्देशन दिनुभयो ।"यो सरकार केवल अर्को सरकार होइन, यसले केही गरौँ भन्ने भावनाका साथ अस्थिरताका ठाउँमा स्थिरताको प्रवृत्ति बोकेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

प्रहरीमा बढुवा र सरुवाका लागि कुनै दौडधुप गर्न नपर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "झोला थैला बोकेर कसैकामा कुद्नु पर्दैन, अहिलेको सरकार भात-रोटी खान्छ, घूस खाँदैन, तपाईंहरु कर्तव्यपालनामा पूर्ण स्वतन्त्र भएर ढुक्कले लाग्नूस्, अवाञ्छित र अनुचित प्रभावमा नलाग्नूस् ।"प्रहरीले साबिकको नेपाल खाद्य संस्थानसँग रु एक अर्ब १० करोडमा १५ रोपनी जग्गा खरिद गरेर रु एक अर्ब २६ करोडको लागतमा अत्याधुनिक भवन निर्माण गरेको हो । जिल्ला परिसर काठमाडौँ २०१२ सालमा हुनमानढोकाबाट सञ्चालन भएको थियो ।रासस

# टाटा सुमो र मोटरसाइकल ठोक्किदा दुईजनाको मृत्यु


**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर-४ स्थित राजमार्गको पश्चिम धन्सार पुल नजिक पश्चिमबाट पुर्ब तर्फ आउँदै गरेको टाटा सुमो र पुर्बबाट पश्चिम तर्फ जादै गरेको मोटरसाइकल एक आपसमा ठोक्किदा दुई जनाको मृत्यु भएको छ ।

जिल्लाको निजगढबाट चन्द्रनिगाहपुर आउँदै गरेको बागमती प्रदेश ०३-००१ च ५३१ नम्बरको यात्रुबाहक टाटा सुमो र चन्द्रनिगाहपुरबाट निजगढ जाँदै गरेको प्रदेश १-०२-०४३ प ८०२५ नम्बरको मोटरसाइकल चन्द्रपुर नगरपालिका-४ स्थित धन्सार पुल नजिक एक आपसमा ठोक्किदा मोटरसाइकलमा सवार सुनसरी जिल्ला धरान उपमाहानगरपालिका-१५ निबासी ३३ बर्षिय तुलसी ओझा र मोरंग जिल्लाको सुन्दरहरैचा नगरपालिका-११ का बिवश सापकोटाको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

रौतहट प्रहरीले टाटा सुमो नियन्त्रणमा लिइ अनुसन्धान गरिरहेको छ भने मृतकको शव पोष्टमार्टमको लागि अस्पतालमा राखिएको छ ।

# पाँच सय बढीमा डेङ्गी सङ्क्रमण



चितवन । जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये पाँच सय ८८ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । अस्पतालमा आएका बिरामीमध्ये दुई हजार तीन सय ९४ जनाको परीक्षण गर्दा पाँच सय ८८ जनामा डेङ्गी सङ्क्रमण देखिएको हो ।

सङ्क्रमितमध्ये चार सय १७ चितवनका छन्भने एक सय ७१ जना जिल्लाबाहिरका रहेका जनस्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले जानकारी दिनुभयो । उहाँका अनुसार लामखुट्टेको टोकाइबाट यो रोग लाग्ने गर्दछ । उहाँले भन्नुभयो, "सूर्य उदाएको दुई घण्टा अघि र अस्ताउने समयमा दुई घण्टा अघि लामखुट्टेले टोक्ने गर्छ । त्यो समयमा लामखुट्टेको सम्पर्कमा जो बढी गयो त्यसैलाई सङ्क्रमणको जोखिम रहन्छ ।"

साउन यता जिल्लाका सात पालिकामध्ये इच्छाकामना गाउँपालिकामा दुई सय ३६ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । यस्तै, भरतपुर महानगरपालिकामा एक सय सात, खैरहनीमा ११, रत्ननगरमा ४९, माडीमा तीन, राप्तीमा तीन र कालिका नगरपालिकामा आठजनामा सङ्क्रमण देखिएको केसीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा भेटिएका सङ्क्रमितमध्ये दुई सय २५ महिला र एक सय ९२ जना पुरुष छन् । वर्षा हुने र घाम लाग्ने हुँदा लामखुट्टेका लागि अनुकूल वातावरण बन्ने भएकाले विशेषगरी भदौ, असोजमा डेङ्गी रोग देखिने गरेको केसीले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले साउनको सुरुआतदेखि सङ्क्रमण देखिन थालेको छ ।"

यो रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । बर्सातको महिनासँगै जताततै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको उहाँले बताउनुभयो । यो लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रमहरु, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुल्ला पानीको ट्याङ्की, आदिमा फुल पार्ने गर्दछ । यी ठाउँमा जम्मा भएको पानीलाई सफा नगर्दा रोगको प्रकोप बढ्ने निरीक्षक केसीले जानकारी दिनुभयो ।डेङ्गी रोगको ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्ने उहाँले बताउनुभयो । यो रोग लाग्दा आँखाको गेडी तथा टाउको दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशीहरु दुख्ने, शरीरमा बिमिरा आउने र रक्तस्राव हुने, उच्च ज्वरो आउनेलगायत लक्षण देखापर्छ ।

यस्तै, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुनेजस्ता लक्षण देखापर्ने केसीले बताउनुभयो । डेङ्गी ज्वरो विषाणुका कारण हुने भएकाले यसको निश्चित उपचार भने नहुने उहाँको भनाइ छ । डेङ्गीबाट बच्ने मुख्य उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेको जनस्वास्थ्य कार्यालय चितवनले जनाएको छ । रासस

# सुक्खाबन्दरगाह भन्सारको राजस्व लक्ष्य घटाइयो

वीरगञ्ज । पर्सास्थित सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सारकार्यालयलेलक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न नसकेपछि आव २०८१/८२ मा पाँच अर्ब लक्ष्य घटाइएको छ । कार्यालयले विगत दुई वर्षदेखि लक्ष्यानुसारको राजस्व सङ्कलन गर्न नसकेपछि भन्सार विभागले गत आवको तुलनामा चालु आवमा पाँच अर्बले लक्ष्य घटाएको हो ।

भन्सार विभागले सुक्खाबन्दरगाह भन्सार कार्यालयलाई चालु आवमा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिदिएको छ ।




सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनवहादुर बरुवालले भन्सार विभागले कार्यालयलाई चालु आवमा रु ६० अर्ब चार करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको बताउनुभयो । "कार्यालयले गत आवमा लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत राजस्व असुली गरेको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ म रु पाँच अर्बभन्दा धेरै राजस्व सङ्कलन गर्न सकिएको थियो", उहाँले भन्नुभयो, "गत आवमा लक्ष्यानुसारको राजस्व सङ्कलन हुन भने सकेन ।"

भन्सार विभागले आव २०८०/८१ मा कार्यालयलाई रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर कार्यालयले सो अवधिमा लक्ष्यको लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत अर्थात् रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार राजस्व सङ्कलन गरेको थियो । विभागले कार्यालयलाई आव २०७९/८० मा पनि रु ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिदिएको थियो । तर कार्यालयले सो आवमा पनि लक्ष्यको ६२ दशमलव ८८ प्रतिशत अर्थात् रु ४२ अर्ब ४० लाख २२ हजार ९३ रकम राजस्व सङ्कलन गरेको थियो ।रासस

# स्क्रब टाइफसका बिरामीको संख्यामा वृद्धि



बागमती । मकवानपुरमा स्क्रब टाइफसका बिरामी बढेका छन् । साउन सुरु भएसँगै मकवानपुरमा फाट्टफुट्ट देखिने स्क्रब टाइफसका बिरामी पछिल्लो समय ठूलो संख्यामा देखा पर्न थालेको हो ।

यही साउनदेखि हालसम्म मकवानपुरमा स्क्रब टाइफसका बिरामीको संख्या ७० पुगेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिझारले जानकारी दिनुभयो । डेङ्गी सङ्क्रमणजस्तै स्क्रब टाइफसका बिरामी सबैभन्दा बढी हेटौँडा उपमहानगरपालिकामा भेटिएका छन् ।

हेटौँडा उपमहानगरपालिकामा ३९ जना स्क्रब टाइफसका बिरामी फेलापरेको प्रमुख मिझारले बताउनुभयो।यस्तैमकवानपुरगढीमा नौ, मनहरी गाउँपालिकामा छ, बकैया गाउँपालिकामा सात, भीमफेदी गाउँपालिकामा चार, बागमती गाउँपालिका, कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिकामा एक-एकजना स्क्रब टाइफसका बिरामी फेलापरेको प्रमुख मिझारले जानकारी दिनुभयो । मुसाको माइट नामक किर्नाको टोकाइबाट स्क्रब टाइफस हुने भएकाले सचेतना अपनाउन प्रमुख मिझारले आग्रह गर्नुभयो ।

पछिल्लो एक महिनामा मकवानपुरमा डेङ्गी सङ्क्रमितको संख्या बढ्दै गएको छ । यही साउन १ गतेदेखि हालसम्म मकवानपुरमा एक सय ४३ डेङ्गी सङ्क्रमित फेला परेका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिझारका अनुसार ७९ महिला र ६४ पुरुष गरी मकवानपुरमा एक सय ४३ जनामा नयाँ डेङ्गी सङ्क्रमित फेला परेका छन् । जसमध्ये सबैभन्दा बढी हेटौँडा उपमहानगरपालिकामा एक सय चार, मनहरी गाउँपालिकामा १६, मकवानपुरगढी गाउँपालिकामा आठ, बकैया गाउँपालिकामा छ, भीमफेदी गाउँपालिकामा तीन, बागमती गाउँपालिका र कैलाश गाउँपालिकामा एक-एक जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको प्रमुख मिझारले बताउनुभयो ।

वर्षायामको समय भएकाले डेङ्गी सङ्क्रमित अझै बढ्न सक्ने भएकाले स्थानीय तहसँगको समन्वयमा जनचेतनामूलक सन्देश प्रवाह तथा लामखुट्टे मार्ने अभियान अघि बढाइएको प्रमुख मिझारको भनाइ छ ।

यता डेङ्गी सङ्क्रमणको उच्च जोखिममा रहेको हेटौँडा उपमहानगर क्षेत्रमा लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियान सुरु भएको छ । हेटौँडा उपमहानगरपालिकाले नगरका विभिन्न वडामा लामखुट्टे लार्भा खोज्ने र नष्ट गर्ने अभियान सुरु गरेको हो । पानी जम्ने ठाउँलाई पुर्ने, लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने, जोखिम क्षेत्रमा स्प्रे गर्ने तथा डेङ्गीबाट जोगिन अपनाउनुपर्ने सावधानीबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको हेटौँडा उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सूर्यप्रसाद तिवारीले बताउनुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



श्रीकृष्ण जन्माष्टमीको अवसरमा जनकपुरधाममा भएको विशाल कलश यात्रामा राष्ट्रिय मुक्ति क्रान्तिका अध्यक्ष राजेन्द्र महतो सहभागी। तस्बिर : टुडे

# बस दुर्घटना: उपचाररत १६ मध्ये सात जना डिस्चार्ज



काठमाण्डु । तनहुँको आँबुखैरेनीस्थित मर्स्याङ्दी नदीमा शुक्रबार बिहान भएको बस दुर्घटनामा घाइते भइ काठमाडौँ महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचाररत १६ जनामध्ये सात जनालाई सोमबार डिस्चार्ज गरिएको छ।

पोखराबाट काठमाडौँतर्फ आउँदै गरेको भारतीय पर्यटक सवार युपी ५३ एफटी ७६२३ नम्बरको भारतीय बस आँबुखैरेनीको ऐना पहरामा दुर्घटनामा परेको थियो।

अस्पतालका डा रोहित सिंहले रासससँग भन्नुभयो, "बस दुर्घटनामा घाइते भएका १६ जनालाई उपचारका लागि अस्पतालमा ल्याइएकामा आज सात जनालाई डिस्चार्ज गरेका छौँ, बाँकी नौ जनाको अस्पतालमै उपचार भइरहेको छ, सबैको अवस्था सुधारोउन्मुख छ।"

सोमबार डिस्चार्ज हुनेमा ५६ वर्षीया भारती पाटील, ४२ वर्षीया बर्षाभङ्गाणे, ७० वर्षीया कुमुदिनी झाम्रे, ४९ वर्षीया रुपाली सरोदे, ५९ वर्षीय हेमराज सरोदे, ४५ वर्षीया निलिमा भिरुड, ६५ वर्षीय सुनिल धाण्डे रहेको अस्पतालले जनाएको छ।

बाँकी नौ जना घाइतेमध्ये चार जनाको आइसियुमा उपचार भइरहेको छ। हाल ५१ वर्षीय प्रविन पाटील, ५३ वर्षीय अविनास पाटील, ५९ वर्षीय अनन्त इङ्णे, ४७ वर्षीया सिमा इङ्णे, ५८ वर्षीया आशा बोण्डे, ६२ वर्षीय नैनेश्वर बोण्डे, ५० वर्षीया शारदा पाटील, ४७ वर्षीया रेखा सुरवाडे तथा ५८ वर्षीया आशा पाटील उपचाररत रहेको अस्पतालले जनाएको छ। डा सिंहले भन्नुभयो, "घाइतेहरु अधिकांशको हात, खुट्टा, निधार, टाउको, छाती, ढाडलगायतका ठाउँमा गहिरो चोट लागेको छ, उहाँहरुको अवस्था सुधारोन्मुख छ।"

उपचार गराइरहेका ५९ वर्षीय अनन्त इङ्णेले आफूहरुको स्वास्थ्य अवस्थामा सुधार आइरहेको बताउनुभयो। "हामीले राम्रो उपचार पाएका छौँ, समयमै राम्रो उपचारका कारण हाम्रो ज्यान बच्यो, सबैलाई धन्यबाद छ।"दुर्घटनामा २७ जना भारतीय पर्यटकहरुले ज्यान गुमाएका थिए।रासस

# ओमानका विदेश मन्त्री नेपाल भ्रमणमा



काठमाण्डु। ओमानका विदेश मन्त्री सयूयद बद्र बिन हमाद बिन हमूद अल्बुसैदी नेपालको दुई दिने औपचारिक भ्रमणका लागि सोमबार अपराह्न यहाँ आउनुभएको छ। उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र सचिव सेवा लम्सालले स्वागत गर्नुभयो।

> उहाँ परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको निमन्त्रणामा यही भदौ १० र ११ गते नेपाल भ्रमणमा आउनुभएको हो ।

उहाँ परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको निमन्त्रणामा यही भदौ १० र ११ गते नेपाल भ्रमणमा आउनुभएको हो। भ्रमणका दौरान दुवै देशका विदेश मन्त्रीहरुबीच नेपाल-ओमान सम्बन्धलाई थप प्रगाढ बनाउने र अन्य विविध विषयमा द्विपक्षीय भेटवार्ता तथा छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ।ओमानका विदेशमन्त्रीले भ्रमणका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टचार भेट गर्नुहुनेछ।

उहाँ मंगलबार भदौ ११ गते काठमाडौँबाट प्रस्थान गर्नुहुने कार्यतालिका छ।रासस

# मौलिक संस्कृति बिर्सिने होइन, विश्वव्यापी बनाउने हो : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा रहेका अनेकौँ सांस्कृतिक तथा मौलिक परम्पराहरूको जगेर्ना गर्दै तिनीहरूको विश्वव्यापीकरण गर्नुपर्ने बताउनुभएको छ।

गौरापर्वको अवसरमा सोमबार टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीओलीलेनेपालमाउपलब्ध प्राकृतिक र सांस्कृतिक विविधता जगेर्ना गर्न सबैले जिम्मेवारीबोध गर्नुपर्ने बताउनुभयो।"हामीसँग अनेकौँ साँस्कृतिक विविधता र मौलिक संस्कृति छन्। त्यसलाई बिर्सिने होईन, विश्वव्यापी बनाउने हो", उहाँले भन्नुभयो। प्रधानमन्त्री ओलीले सुदूरपश्चिम क्षेत्र नेपालको सभ्यताको उद्गमस्थल रहेकोसमेत उल्लेख गर्नुहुँदै त्यहाँको संस्कार शैली र परम्परालाई संरक्षण र सम्वर्द्धन गर्न सक्नुपर्ने बताउनुभयो।

सोही अवसरमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गौरापर्व सुदूरपश्चिम र कर्णालीको मौलिक चाँड रहेको बताउँदै यसले एकता र भातृत्वको सन्देश दिएको बताउनुभयो।त्यस्तै, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले गौरापर्वले आत्मअनुशासन, मर्यादा, सद्भाव र आत्मियताको सन्देश बोकेको बताउँदै सबैले त्यसलाई व्यवहारमा पनि त्यो देखाउन सक्नुपर्ने बताउनुभयो।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले सुदूरपश्चिम क्षेत्रमा निकै सम्मान र आत्मियताका साथ गौरापर्व मनाउने गरेको उल्लेख गर्दै राष्ट्रिय एकता र सद्भावका लागि यो पर्वले भूमिका खेल्ने बताउनुभयो। मुलुकका हरेक चाडवाड र पर्वहरूले राष्ट्रियता एकतालाई अझ मजबुद बनाउने उहाँको भनाइ छ। पूर्वउपप्रधानमन्त्री डा भीमबहादुर रावलले गौरापर्वका अवसरमा स्वदेश तथा विदेशमा रहेका नेपालीहरूको सुख, शान्ति, समृद्धिको कामना गर्नुभयो।

हरेक वर्ष भाद्र शुक्ल पञ्चमीदेखि अष्टमीसम्म सुदूरपश्चिम क्षेत्रमा विशेष रुपमा मनाइने यस पर्वमा भगवान् शिव र पार्वतीको पूजा अर्चना गरी व्रत बस्ने गरिन्छ। राजधानीमा बसोबास गर्दै आएका सुदूरपश्चिमवासीले सोमबार टुँडिखेलमा गौरापर्व मनाएका छन्। सो अवसरमा टुँडिखेलमा सुदूरपश्चिम र कर्णाली क्षेत्रका मौलिक नाँचगान गरी पर्व मनाइएको हो। डेउडा खेलेर, फाग तथा धमारी गाएर गौरा मनाइएको हो।रासस

# अवकाशप्राप्त इञ्जिनियरको कृषि कर्म



सिरहा । जल तथा ऊर्जा आयोगबाट प्राविधिक उपसचिव (इलेक्ट्रोनिक इञ्जिनियर) बाट दुई वर्षअघि अवकाश भएयता लहान-१६ का सुकदेव चौधरी कृषि कर्ममा रमाइरहनुभएको छ। अध्ययन र अनुभवको क्षेत्र फरक भए पनि कृषि कर्म मनमा शान्ति दिने अस्त्र भएको उहाँले सुनाउनुभयो। उमेरले छ दशक पूरा गर्नुभएका उहाँको लोभलाग्दो व्यावसायिक फलफूल खेती देख्दा धेरैले प्रशंसा गर्ने गरेका छन्।

उहाँले लहान बजारबाट १० किलोमितर उत्तरतर्फ चुरेको काखमा अवस्थित करिब चार बिघा आफ्नै जमिनमा 'कालिका कृषि फर्म' दर्ता गरी ड्रागन फ्रुट, आँप, लिची, कागती, अम्बा, स्याउ, मेवालगायत फलफूल खेती गरिरहनुभएको छ। त्यसबाहेक चारवटा माछा पोखरी पनि छन्। विसं २०६५ मा ऊर्जासम्बन्धी विदेश भ्रमणमा छिमेकी मुलुक चीन गएको बेला ऊर्जा र कृषिसम्बन्धी अवलोकनबाट कृषिमा नेपालमा पनि केही गर्न सकिने सङ्कल्प लिएर अवकाश हुनुभन्दा चार वर्ष अगाडि नै कृषि फर्म दर्ता गराएर पूर्वाधार तयार गरिएको चौधरीले जानकारी दिनुभयो।

प्राविधिक क्षेत्रमा सिद्धहस्त चौधरीलाई आकाशपछि पनि सोही क्षेत्रमा काम गर्ने अवसरको कुनै कमी थिएन। तर पनि उहाँ अवकाशपछि कृषि कर्ममै समर्पित हुनुभयो। "एउटै पेसा जीन्दगीभर गरिरहदा दिक्क लाग्ने हुँदो रहेछ। शरीर र दिमागलाई पनि कुनै फरक पेसा र व्यवसायको स्वाद लिने रहर लाग्ने रहेछ सायद। मलाई पनि त्यही रहरले डोहोऱ्यायो", चौधरीले भन्नुभयो। सामाजिक रुपमा इञ्जिनियरिङ पेसालाई निकै प्रतिष्ठित पेसाका रुपमा हेरिन्छ। तर कृषि कर्ममा रमाउनेहरुले त्यसप्रकारको सम्मान पाइसकेका छैनन्। विभिन्न देशमा भ्रमण गर्दा त्यहाँको आधुनिक कृषि प्रणाली र कृषकलाई सरकारले दिएको महत्वले आफूलाई प्रभावित बनाएको चौधरीकोद भनाइ छ।

चौधरीको घर वरिपरि फलफूको आकर्षक र लोभलाग्दो खेतीले जो कसैको मन मोहित बनाउँछ। करिब रु ३० लाख लागतमा सुरु गर्नुभएको व्यावसायिक कृषि खेतीबाट चौधरीले मुनाफा प्राप्त गर्न थालिसक्नुभएको छ। "जागिरबाट अवकाश हुनुभन्दा केही वर्षअघिदेखि नै ड्रागन खेती सुरु गरिसकेको थिए। त्यसपछि फलफूल खेती, माछा र माहुरीपालन पनि एकसाथ सुरु गरेको छु", चौधरीले भन्नुभयो, "दुई वर्ष अघिदेखि १४ कठ्ठा क्षेत्रफलमा लगाइएको व्यावसायिक ड्रागन फ्रुटका खेतीले सोचेभन्दा राम्रो सफलता पाएको छु, अन्य फलफूलका बिरुवा हुर्कँदैछन्।" चौधरीले ड्रागन खेतीबाट जति आम्दानी गर्नुभएको छ, त्यति नै आम्दानी ड्रागनको बोट मुनी लगाएका अन्य अन्तरबालीले दिइरहेको छ। उहाँले अन्तरबालीका रुपमा सिजनअनुसार लसुन, प्याज, भेण्डी, खुसार्नीलगायत तरकारी तथा फलफूल लगाउनुभएको छ। त्यसबाहेक व्यावसायिक तरकारी खेती गर्नुभएको छ। अन्तरबालीले ड्रागन फ्रुट खेतीलाई राम्रो स्याहारसुसार पुग्ने र त्यसबाट लाभ लिएको चौधरीको भनाइ छ।

कृषि कर्ममा चौधरी सक्रियताका साथ आफैँ बिहानदेखि बेलुकासम्मै खट्नुहुन्छ। उहाँलाई श्रीमति हरिदेवी चौधरीले साथ दिनुभएको छ। एक जना छोरा भने वैदेशिक अध्ययनमा रहेको उहाँले जानकारी दिनुभयो। जागिरे जीवन हुँदा काठमाडौँमा करिब १६ वर्ष श्रीमतीले सुगर र प्रेसरको औषधि खानुपरेको भएता पनि अहिले खेतबारीमा श्रम गर्दा उक्त रोग अहिले सामान्य अवस्थामा रहेको र कुनै औषधि खानु नपरेको चौधरी बताउनुहुन्छ। "केही नगरी बसेर दिन कटाउनु भनेको रोग पाल्नु जस्तै रहेछ। त्यो भन्दा त कृषि कर्मले शरीर पनि फुर्तिलो, खाने कुरा पनि अर्ग्यानिक उत्पादन हुने। विभिन्न रोगबाट छुटकारा पनि", चौधरीले भन्नुभयो।

चौधरीले खेतीमा अर्गानिक कम्पोष्ट मल प्रयोग गर्नुभएको छ। उहाँले अहिले पाँच जना स्थानीयलाई नियमित रोजगारीमा काम पनि दिलाउनुभएको छ। युवाहरु बेरोजगार भएर भौतारिने समस्या देख्दा आफूलाई दुःख लाग्ने चौधरी बताउनुहुन्छ। "मेहिनत गर्ने हो भने जीविकोपार्जन गर्न कुनै समस्या छैन। तर, त्यसको लागि स्पष्ट दृष्टिकोण र सरकारको स्पष्ट नीति चाहिन्छ। नेपालमा जमिनको महत्व नबुझेर विदेश जाने प्रवृत्ति छ। किन विदेश जानु ? खेतबारी बाँझै किन छोड्नु ? विदेशमा गर्ने जति मेहनत यही गर्ने हो भने यहाँको माटोमा सुन फलाउन सकिन्छ", चौधरीले भन्नुभयो।

अवकाश प्राप्त कर्मचारी तथा अन्य कृषि कर्ममा लाग्न चाहनेका लागि सुकदेव चौधरी उदाहरण भएको लहान नगरपालिका कृषि शाखाका संयोजक तथा वडा नम्बर १२ का वडाध्यक्ष बद्रीनारायण चौधरीको भनाइ छ। उहाँ भन्नुहुन्छ, "म आफैँ कृषिको निर्देशक भएर अवकाश पाएको व्यक्ति हुँ। अवकाश पश्चात राजनीतिमा जोडिए। अहिले दोस्रो कार्यकालको रुपमा वडाध्यक्ष भएको छु। लहान नगरपालिकाको कृषिलाई उद्योग र रोजगारीसँग जोड्न गृहकार्यमा लागेको बेला अवकाश प्राप्त उपसचिव शुकदेव चौधरीले थाल्नुभएको नमूना कृषि फर्मबाट लहान नगरपालिकाले एउटा कृषि प्रयोगशाला भेटाएको अनुभूति गरेका छौँ।रासस


## कर्मचारी आवश्यकता सम्बन्धि सुचना

**प्रकाशित मिति:२०८१।०५।११**

हाल प्लान इन्टरनेशनलको साझेदारीमा जकनन्दिनी गाउपालिका र बिदेह नगरपालिकामा संचालित Girls Standing Strong (GSS) Project अर्न्तगत १ जना कार्यक्रम अधिकृत (Project officer) र केहि Field Supervisor पदको लागि निम्न अनुसारको योग्यता र अनुभव भएकाहरुले विज्ञापन भएको मितिले ७ दिन भित्र आवेदन गर्न आहवान गारिएको छ ।

**जनस्वास्थ्य विषयमा स्नातक (BPH) र १-२ बर्षको कार्य अनुभब अथवा स्वास्थ्य सहायक (HA), भई प्रारम्भिक वाल विकासमा ३-५ बर्षको अनुभब**

**अनुभव**:

- प्रारम्भिक वाल विकास सम्बन्धि कार्यक्रमहरुमा काम गरेको ।
- परियोजनाको योजना अनुसार सामुदायिक स्तरका क्रियाकलापहरूको योजना बनाउन र कार्यन्वयन गर्न सक्ने।
- स्थानीय सरकारको कार्यालय, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, HFOMC र FCHV जस्ता स्थानीय तहका सरोकारवालाहरूसँग समन्वय गर्न सक्ने ।
- स्थानीय एफएम मार्फत मुख्य सन्देशहरूको प्रसारण गर्न सक्ने ।
- अभिभावक शिक्षा सत्र र संवाद सत्र सञ्चालन गर्न सामुदायिक स्तरीय सहजकर्तालाई प्राविधिक सहयोग गर्न सक्ने ।
- सामुदायिक स्तरको तालिम आयोजना गर्न वा सहजीकरण गर्न सहयोग गर्न सक्ने ।
- फिल्ड अधिकृत र सामाजिक परिचालकहरुबाट कार्यक्रमका क्रियाकलापहरु कार्यसम्पादनको नियमित अनुगमन, मुल्यांकन र सहजीकरण गर्न सक्ने ।
- मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयारी गर्न सक्ने ।
- कम्प्यूटर संचालनमा खास गरि वर्ड, एक्सेल र पावर पोइन्टमा राम्रो दख्खल भएको तथा ईन्टरनेट सम्बन्धि राम्रो ज्ञान भएको ।
- फिल्ड भ्रमणमा जाने र फिल्ड स्तरीय बैठकहरुमा भाग लिने र प्रभावकारी कार्यान्वयनका लागि समस्या समाधानमा सहजीकरण गर्ने ।
- आवश्यक बैठकहरुमा, कार्यशाला गोष्ठी, तालिम तथा भ्रमणहरुमा भाग लिने ।
- दुई पांग्रे सवारीचालक अनुमति पत्र भएको ।

**१. Position: Field Supervisor - केहि**

**वान्छनीय योग्यता**

- १०+२ मा स्वास्थ्य बिषय लिई उतिर्ण वा अनमी वा अहेव उत्तीर्ण गरि सामाजिक परिचालनक तथा फिल्ड सुपरभाईजर पदमा कम्तिमा २-३ बर्षको कार्य अनुभव भएको ।

**अनुभव**:

- प्रारम्भिक वाल विकास कम्तिमा २ बर्ष काम गरेको ।
- सामुदायिक स्तरमा कार्यक्रम कार्यान्वयन गर्न स्थानीय स्वास्थ्य सुविधा र FCHV सँग समन्वय तथा तालिमहरू सञ्चालन गर्न सक्ने ।
- समुदायमा प्रभावकारी सत्र सञ्चालन गर्न FCHV र संवाद सहजकर्ताहरूलाई समर्थन तथा सहजीकरण गर्न सक्ने ।
- पालनपोषण सीप र समर्थित सामग्रीहरूको उचित उपयोगको लागि आमाबाबु र समुदायलाई नियमित सुविधा, निगरानी र गृह भ्रमण गर्न सक्ने ।
- समुदायका नेता र शिक्षक र अभिभावकहरूलाई समुदायमा भयमुक्त र अहिंसात्मक बालबालिकाको विकासको वातावरण सिर्जना गर्न सहजीकरण गर्न सक्ने ।
- सेवाग्राहीहरूको अलग-अलग तथ्याङ्कको संकलन तथा कम्पाइल गर्न सक्ने ।
- घर र समुदायमा पनि बालबालिका र लैङ्गिक मैत्री वातावरण सिर्जना गर्न अभिभावकहरूलाई सहजीकरण गर्न सक्ने ।
- मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्न सक्ने ।

**दरखास्तका साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु**:

- नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।
- कम्तीमा २ जना सन्दर्भ ब्यक्तिहरुको नाम र सम्पर्क नम्बर सहितको व्यक्तिगत विवरण (Bio–Data)
- शैक्षिक योग्यताको प्रमाण पत्र, तालिम तथा कार्य अनुभव पुष्टि हुने कागजातहरुको प्रतिलिपि ।
- उमेरः- १८ देखि ४५ साल सम्मका व्यक्तिहरु मात्र माथि उल्लेखित पदहरुका लागि योग्य हुनेछन ।

**नोट**: आवेदनमा पदको नाम स्पष्ट उल्लेख भएको हुनु पर्ने छ। प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित परिक्षा तथा अन्तरवार्ता प्रक्रियामा समावेश गराइने छ। महिला, दलित, जनजाति, मधेशी, सिमान्तीकृत स्थानीयहरुलाई उच्च प्राथमिकता दिईनेछ। कर्मचारीको पारिश्रमिक र अन्य सुविधाको हकमा संस्थाले तोकेको अनुसार हुनेछ। कर्मचारी भर्ना सम्बन्धमा कसैको पक्षमा कुनै प्रकारको हस्तक्षेप हुने खालको अनावश्यक दबाव आएको ठहर भएको खण्डमा उक्त उम्मेदवारको निवेदन स्वतःअमान्य ठहरिने छ।

**दरखास्त दिने अन्तिम मिति: २०८१.०५.१७ गते (2 September 2024) साँझ ५:00 बजे सम्म ।**

**आवेदनलाई कार्यलयमा स्वयम् उपस्थित भएर अथवा इमेल मार्फत पनि पठाउन सकिने छ.**

**बिस्तृत जानकारी तथा आवेदन दिने सम्पर्क ठेगाना:**

**सामाजिक विकास र अनुसन्धान केन्द्र (SDRC)**

**मिल्स एरिया-१, जनकपुरधाम उपमहानगरपालिका, धनुषा, नेपाल**

**फोन:०४१-५-९०३७६**

इमेल : vacancysdrc22@gmail.com

www.sdrcnepal.org



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# इतिहास रच्दै कृष्णाष्टमी

भगवान श्रीकृष्णष्टमी निरन्तर रुपमा रेल्वे स्टेशनमा मनाइँदै आएको छ। रेल्वे स्टेशनका युवाहरुले प्रारम्भ गरेको कृष्ण जन्माष्टमी महोत्सवले ५० वर्ष पूरा गरिसकेको छ । हरेक वर्ष नयाँ प्रयोग र भव्य आयोजन गरी मनाइने श्रीकृष्णाष्टमी महोत्सवमा भगवानको अनेक लीलाको झाँकी देखाइन्छ। माटोको कलात्मक मूर्ति बनाएर भगवान श्रीकृष्णको अनेक रुप दर्शाउने स्टेशन एरिया कमिटीले यस वर्ष पनि भव्य आयोजन गरेको छ । स्थानीय वासिन्दाहरुको सहयोगमा युवाहरुले आयोजना गर्ने कृष्णाष्टमी महोत्सवमा अस्वभाविक र अपारदर्शी रुपमा कुनै काम गर्दैनन् । पूजाको खर्च र आम्दानी तत्काल सार्वजनिक गरिन्छ । त्यसले स्टेशन एरियाका युवाहरुले झण्डै ६ दशकदेखि निरन्तर मेलाको आयोजना गर्दै आएका छन् । द्वापर युगमा भगवान श्रीकृष्ण मानव रुपमा प्रकट भएका थिए । भगवान श्रीकृष्णको प्रकाट्य दिवसलाई सनातन धर्मावलम्बीहरुले महोत्सवको रुपमा मनाउने गर्छन् । प्रेम र सद् भाव बाँड्ने भगवान श्रीकृष्णको ज्ञानलाई आत्मसात गर्ने मानव संसारिक मोह, मायाबाट मुक्त हुन्छन् । भगवानको भक्ति र मानव सेवामा सन्तुष्टि प्राप्त गर्छन् । भगवान श्रीकृष्णष्टमीको अवसरमा विभिन्न स्थानहरुमा हिन्दू धर्मावलम्बीहरुले विभिन्न आयोजनाहरु गर्छन् । जनकपुरधाममा भगवान श्रीकृष्णको प्राचीन मूर्तिलाई फालेर मन्दिरसमेत लोप गरिएको अवस्था छ। हाल गोपाल सेवा समितिले भगवान श्रीकृष्णको अतिसुन्दर मन्दिर बनाएका छन्। समितिले हरेक वर्ष भगवानको जन्मोत्सव र छठिहार मनाउने गर्छ । कृष्णपक्षको अष्टमी तिथिमा मध्यरात प्रकट भएका भगवान श्रीकृष्णले संसारलाई सबै प्रकारको अधर्मबाट मुक्त गराएका थिए। भारतको वृन्दावन, मथुरा, गोकुल, द्वापर युगलगायतका तीर्थस्थलहरुमा भगवान श्रीकृष्णको जन्मोत्सव विशेष प्रकारले मनाइन्छ। नेपालको ललितपुर अवस्थित कृष्ण मन्दिरमा विशेष पूजा गरिन्छ । राष्ट्रपति दर्शनका लागि हरेक वर्ष पुग्ने परम्परा नै छ। विगतमा राजा जान्थे। भगवान श्रीकृष्णको बाल स्वरुपमा बालबालिकालाई सजाएर कृष्ण मन्दिर हरुमा दर्शन गराइन्छ । कृष्ण स्वरुपमा सजिएका बालबालिकाहरु भगवान श्रीकृष्णको बालरुपको झ-झल्को दिने गर्छन् । बालरुपी कृष्ण बनाउने क्रम हरेक वर्ष बढ्दो छ। सनातन धर्मावलम्बीहरुले भगवान श्रीकृष्णलाई तारणहारको रुपमा पुज्ने गर्छन्। श्रीकृष्णाष्टमी दुई दिन मनाइन्छ । पहिलो दिन व्रतालुहरु उपवास बसी मध्यरात मन्दिरमा भगवानको प्रकाट्य दृश्य दर्शन गर्छन् । त्यसपछि व्रत पूरा भएको मानिन्छ। दोस्रो दिन मेला र उत्सव मनाइन्छ। भगवान श्रीकृष्णको जन्मोत्सवमा विभिन्न सामाजिक कार्यहरु पनि आयोजन गरिन्छ । कृष्णाष्टमीमा मट्काफोर कार्यक्रम अत्यन्त लोकप्रिय मानिन्छ। भगवान श्रीकृष्ण बाल्यकालमा ग्वालाहरुको घरमा चोरेर माखन खाने र भाँडा फुटाउने गर्थे। यदुकुल गौरव भगवान श्रीकृष्णको मट्का फोड्ने सम्झना स्वरुप नै अहिले पनि मट्काफोड कार्यक्रमको आयोजना गरिन्छ। भगवान श्रीकृष्णको प्रकाट्य दिवसको अवसरमा हार्दिक बधाई, शुभकामना।

# भ्रष्टाचार सत्यम्



**रोशन जनकपुरी**

प्रधानमन्त्री केपी शर्मा ओलीले एउटा कार्यक्रममा आफ्नो सरकारको प्रशंसा गर्दै भने : 'अहिलेको सरकार भात रोटी खान्छ, घुस, पैसा खाँदैन ।' प्रधानमन्त्रीको यस भनाईको तात्पर्य आफूभन्दा पहिलेको सरकार भ्रष्टाचार गर्थ्यो, घुस खान्थ्यो, ओली सरकारले घुस खाँदैन, भन्ने थियो । विगतमा जतिबेला एमाले विपक्षमा थियो र माओवादी केन्द्र (माके) र नेपाली कांग्रेस(नेका)को सरकार थियो, एमालेले प्रतिपक्षी बेन्चबाट माके र नेकाका मन्त्री र नेताहरुमाथी भ्रष्टाचारको आरोप लगाउने गर्थे । त्यसैले प्रम ओलीले आफ्नो सरकार विगतको सरकारभन्दा भिन्न हो भन्न खोजेको हो।

तर भात-रोटी त भ्रष्टाचार गर्ने र घुस खानेले पनि खान्छ। अहिलेको सरकार मात्रै होइन, अन्य पार्टीका र पार्टी मात्रै के, सबैले भात रोटी खान्छ । कुनैपनि काम गर्नलाई , बाँच्नलाई भात रोटी खानै पर्छ। भात रोटी खाएपछि शक्ति आउँछ, र शरीरमा शक्ति आयो भने शिष्टाचारको काम होस वा भ्रष्टाचारका काम, जुनसुकै काम गर्न सकिन्छ। त्यसैले जसले भात रोटी खान्छ, त्यसले भ्रष्टाचार गर्दैन भन्ने हुँदैन । त्यसैले ' यो सरकारले भात रोटी खान्छ' भन्ने भनाईमा प्रमले 'घुस खाँदैन' भनेर थपे ।

तर विगत र अहिलेको वस्तुगत अवस्थालाई विचार गर्ने हो भने तपाँईका विचारहरु तथ्यसंग मिल्दैनन् प्रधानमन्त्री ज्यु ! आफू प्रतिपक्षमा हुँदा सहकारी ठगको आरोप लगाउने राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेसंग मिलेर एमालेले मन्त्रीपरिषद गठन गरेकै हो । त्यति मात्रै किन, माके-नेकाको गठबन्धन सरकार भएको बेला नेकाका मन्त्री र नेताहरुलाई भ्रष्टाचारको आरोप लगाएर खेदो खन्ने गरेको, तर तिनै नेकासंग मिलेर सरकार बनाएपछि अहिलेको एमाले नेतृत्वको गठबन्धन सरकारले भात रोटी मात्रै खान्छ भनेर कसरी पत्याउनु ?

वर्तमान राजनीतिमा 'भ्रष्टाचार' यस्तो जिनिस हो, जस्को जिउनार गर्छ सबैले, तर स्वीकार्दैन कसैले पनि। यो 'भ्रष्टाचारको आरोप' यस्तो झटारो हो, जो आफ्ना विरोधी राजनीतिक दल र नेताहरु प्रति सबैले प्रयोग गर्छ र गठबन्धन बनेपनि 'झटारो फिर्ता लिन्छ।

वस्तुतः वर्तमान राजनीतिको इन्धन हो भ्रष्टाचार, जस्को अभावमा समग्र शासकीय संरचना ठप्प हुनसक्छ । तर राजनीतिक सदाचार र सुचिताको भजन पनि उत्तिकै लोकप्रिय भजन हो । अहिलेको राजनीतिमा राजनीतिज्ञहरुले गाउने सदाचार र सुचिताको भजन त्यस्तै हो, जस्तो कुनै शाकाहारी र वैरागी बाबाजीले रक्सी र मासु त खाँदैन, तर भजन गर्दै झूठो बोल्छ, मानव मानव बीच भेद गरेर धार्मिक हिंसाको निम्ति प्रेरित गर्छ, मन्दिरको जायजेथा अनेक गोरखधन्दा गरेर आफ्नो व्यक्तिगत नाममा सार्छ, मन्दिरमा चढेको दानदातव्य चोरी गर्छ, वैरागी मन्दिरका साधुले खुलेआम अवैध पत्नी राख्छ ; र यति गरेरपनि उस्ले व्यासपीठबाट सामाजिक सदाचार र सुचिता, वैराग्य जीवनको श्रेष्ठताको बडाइँ गर्न छाडदैन । वर्तमान सत्ता राजनीतिमा भ्रष्टाचार र सदाचारको प्रवचन राजनीतिकर्मीहरुको निम्ति नक्कली बाबाजीहरुले तुलसी कन्ठी माला झन्ड्याएर आफूलाई समर्पित साधु देखाउन खोजे जस्तै हो । विचार गर्ने हो भने प्रधानमन्त्रीको 'भात रोटी खाने, घुस नखाने' भनाई यस्तै यस्तै हो।

विगतमा भारतसंगको विवादास्पद महाकाली सन्धीदेखी हालको एमसीसीसम्म कहिले खुलेआम, त कहिले अकस्मात, संसदीय दलहरुले बेला बेलामा आफ्नो अडान बदल्दै आएका छन्, त्यसमा एमालेपनि पर्छन् । वर्तमानमा नै ललितानिवास काण्ड होस वा भर्खरको चर्चित भुटानी शरणाथी प्रकरण, गिरिबन्धु प्रकरण र अहिले हटकेक बनिरहेको नेपाल विद्युत प्राधिकरणले कोरोनाकालमा डेडिकेटेड र ट्रंकलाइन वापत नेपालका कर्पोरेट उद्योगी व्यापारीहरुसंग अर्बौंको महसुल रकम उठाउने प्रकरण । हरेक मोर्चामा राजनीतिक नग्नता देखिन्छ।

विद्युत प्राधिकरणसम्बन्धी मामिलामा सरकारले उद्योगी व्यापारीहरुको पक्षमा जसरी भूमिका खेली रहेको छ र रहस्यात्मक किसिमले घडी घडी बोली फेर्दैछ, त्यसले वर्तमान सरकारले 'भात रोटी मात्रै खान्छ' भन्ने भनाई अनमेल देखिन्छ। एकातिर नेविप्राका कार्यकारी निर्देशक कुलमान घिसिंग आफ्नो पद समेत दाउमा राखेर जसरी भएपनि बक्यौता विद्युत महसुल असुल्ने पक्षमा देखिएका छन्, र अर्कोतिर सरकार अनेक निहुँमा यसमा भाँजो हाल्न खोज्दैछ । विद्युत प्राधिकरणले महसुल नतिर्ने कर्पोरेटहरुको लाइन काट्यो, तर स्वयं प्रमले नै अघि सरेर, 'लाइन काटेरपनि महसुल उठाउन सकिन्छ ? उद्योग संचालन गर्न लगाएर महसुल उठाउनु पर्छ', भनेर लाइन जोडन लगाए। उनले विद्युत प्राधिकरणले पटक पटक ताकेता गरेको र कर्पोरेट उद्योगीहरुले अनेक निहुँ झिकेको तथ्यलाई उनले उपेक्षा गरे। यस्को व्यापक आलोचना भयो र एमालेले बोली फेर्‍यो। ऊ, प्राधिकरणले लगभग २२ अर्बको ठाउँमा ६ अर्ब मात्रै उठाउन चाहेको भनेर दोषी पदाधिकारीहरुलाई कार्वाही गर्ने भनेर विषयलाई अर्कैतिर मोडेर यसलाई निर्णयसम्म पुग्नै नदिने दाउमा देखिन्छ। संसदीय सार्वजनिक लेखा समितिमा बक्यौता रकम जसरीपनि उठाउने निर्णय गर्नुपर्नेमा, हिजो जसरी समितिका अध्यक्ष ऋषिकेश पोखरेलले बहुमत सदस्यको मतको उपेक्षा गर्दै २१ अर्ब ८८ करोड बक्यौता उठाउन नसक्ने पदाधिकारीलाई कार्वाही गर्ने एकतर्फी निर्णय सुनाएर समितिमा उत्तेजना तथा आक्रामक माहौल सिर्जना गरे र अन्ततः अनिर्णीत अवस्थामा बैठक स्थगित गरे, त्यसले सरकार विषयलाई अनिर्णयमा राखेर व्यापारीहरुलाई सहयोग गरिरहेको देखिन्छ। यस्मा सार्वजनिक लेखा समितिका सभापति पोखरेलको यसखाले भूमिकाको विरोधमा अहिले सरकारमा रहेको नेपाली काँग्रेसका अनेकौं सदस्यपनि आक्रोशित मुद्रामा देखिए । गज्जब छ नि, एकातिर आम जनताले लोडसेडिङ्ग बेहोर्छ, तरपनि विद्युत महसुल तिर्न ढिलाई गर्दा उसको लाइन काटिन्छ र जरिवाना थपिँदै जान्छ। अर्कोतिर कर्पोरेट पूँजीपतिहरु छन्, जसले जनताले लोडसेडिङ्ग बेहोरीरहेको बेला डेडिकेटेड र ट्रंक लाइनको सुविधा पाउँछ, सरकारले तयगरेको अवधिभन्दापनि कयौं घन्टा बढी विद्युतको उपयोग गर्छ। र, महसुल तिर्नेमा अनेक बहाना गर्छ। प्राधिकरणले छुट दिएपनि तिर्न चाहँदैन, र प्राधिकरणले लाइन काटेमा राजनीतिक दलको बलमा उल्टो दबाब सृजना गर्छ। कस्को हो यो सरकार ? यहाँ रोचक के छ भने नेकाँपनि गज्जब छ। कतिबेला को संग कुरा मिल्छ, कतिबेला मिल्दैन, ठेकानै छैन। को हुन् यस मेल र अनमेलका प्रेरक देव ? निश्चय 'भ्रष्टाचारदेव' बाहेक अरुले यस्तो कमाल गर्नै सक्दैनन्।

एउटा अर्को प्रसंग हेरौं । एमाले र नेका गठबन्धनको नयाँ सरकार बनेपछि सरकारले भ्रष्टाचार मुद्दा दायर गर्ने सन्दर्भमा पाँचवर्षे हदम्याद तोक्ने चर्चा सार्‍यो। यो बेमौसमको बाजा जस्तो थियो। विश्वमा कयौं राजनीतिज्ञहरु कयौं दशकपछि भ्रष्टाचार मुद्दामा सजाय पाएको उदाहरणहरु छन् । तर नेपालमा जहाँ अहिलेपनि कयौं भ्रष्टाचारका पुराना मुद्दाहरु प्रमाणको अभावमा अनुसन्धानमै थन्किएका छन्, त्यहाँ भ्रष्टाचार मुद्दामा हदम्याद तोक्ने बहस विचित्रको छ। राज्यको सम्पत्तिमा भ्रष्टाचार गर्नु ज्यान मुद्दाभन्दा कम हुँदैन। बरु यो ज्यानमुद्दा भन्दापनि बढी सम्वेदनशील राष्ट्रघात सरह हो, र राष्ट्रघातको हदम्याद कसरी हुनसक्छ ? यस्तो देशमा जहाँ अपराधका प्रमाणहरु सजिलै गोलमाल गर्न सकिन्छ, त्यहाँ हदम्यादको अवधिसम्म लम्ब्याउन गाह्रो हुँदैन।

मार्क्सले संसदीय व्यवस्थालाई खसीको टाउको राखेर कुकुरको मासु बेच्ने थलोको रुपमा व्याख्या गरेका छन् । देशमा संघीय लोकतान्त्रिक गणतन्त्रले केही उपलब्धीपनि ल्यायो । तर अर्थ राजनीतिकरुपमा यस गणतन्त्रको चरित्र जसरी जनविराधी र पूँजीपतिपक्षीय हुँदैछ, त्यो खतरनाक र अफसोसनाक छ । सचेत जमातले सोचौं । तर अहिले त नेपाली राजनीतिमा भ्रष्टाचार सबैभन्दा बलियो सत्य छ । सत्तावृत्तमा खोज्ने हो भने संघदेखी स्थानीय सरकारसम्म भ्रष्टाचारको गंगा चौतर्फी बगीरहेको छ । यस मामिलामा अनन्त कथा बयान गर्न सकिन्छ ।

यो विषय सरकारले प्रतिनिधिसभाको राज्य व्यवस्था र सुशासन समितिमा दफावार छलफलमा लगेको छ । चौतर्फी दबाबको कारण सरकारले पाँचवर्षको हदम्यादलाई संशोधन गरेर दसवर्ष पुर्‍याउने प्रस्ताव गरेको छ। यो प्रस्ताव पारित भयो भने भ्रष्टाचार गर्नेले अनुसन्धान १०वर्ष कटाउन सक्यो भने ऊ चोखिन सक्छ। यस पस्तावमा ठूला तीनवटै दल सामेल छन्। कहाँ भ्रष्टाचारीलाई कुनैपनि हालतमा उन्मुक्ति नदिने व्यवस्था गर्नु पर्ने र कहाँ हदम्यादको दुलोबाट निकास दिन खोज्दैछन् । प्रश्न छ, ठूलादलहरु किन र कस्को पक्षमा यो बेमौसमको बाजा बजाउन खोज्दै छन् ?

विगत चार दशकमा निर्णायक राजनीतिक परिवर्तनहरु भएका छन्, तर विकृत अर्थ राजनीतिक संक्रमण, अन्तर्राष्ट्रिय पूँजी बजारसंगको सहकार्य, कमजोर व्यवस्थापकीय संरचना र भ्रष्ट राज्यतन्त्रको फाइदा उठाउँदै यस अवधिमा राजनीति र कर्मचारीतन्त्रमा एउटा ठूलो हिस्सा नवधनाढ्य वर्गको रुपमा उदाएको छ । नेपालमा भ्रष्टाचारमा लगाम लगाउन नसक्नुको एउटा कारण राजनीति र कर्मचारीतन्त्रमा वर्चस्व जमाएर बसेको यो नवधनाढ्य वर्ग नै हो । यी नवधनाढ्यहरुले राज्यसत्ताको कमजोर व्यवस्थापन र राज्यको अर्थतन्त्र र ढुकुटीको दुरुपयोग गरेर नै सम्पन्नता प्राप्त गरेका छन् । निश्चितरुपमा यो भ्रष्टाचार हो। यस खाले नवधनाढ्यमा वर्तमान संसदीय राजनीतिमा सामेल प्रायः सबै राजनीतिक दलका नेता र कार्यकर्ताहरु सामिल छन्। न्यूतम बीसवर्ष पहिले टुटेको चप्पल लगाएर हिडने राजनीतिकर्मीहरुको बिना कुनै व्यवसाय वा आयस्रोत, अकस्मात आर्थिक उत्थानका असंख्य कथा र पात्रहरु सजिलै खोज्न सकिन्छ।

भविष्यमा कुनै इमान्दार सरकार बन्यो भने वा जनहित अनुकूलको कुनै राजनीतिक परिवर्तन भयो भने यी नवधनाढ्यहरु सजिलै कटघडामा उभ्याउन सकिन्छन् । यस्तोमा, कयौं राजनीतिज्ञहरु जस्का अख्तियार दुरुपयोग र भ्रष्टाचारका मुद्दाहरुको अनुसन्धान थन्किएका छन्, दसवर्षको हदम्यादले उनीहरुलाई सजिलै उन्मुक्ति दिलाउन सक्छ। यस्मा राजनीतिकर्मी र कर्मचारी मात्रै पर्छन् भन्ने छैन । यसै राजनीतिकर्मी र कर्मचारीतन्त्रको दुरुपयोग गरेर सानो टुटपुँजिया पसलेबाट करोडपति बन्न सफल चतुर दलाल पूँजीपतिहरुपनि छन्। त्यसैले भ्रष्टाचार मुद्दामा हदम्याद तोक्ने प्रयत्नमा यी नवधनाढ्यहरुको चिन्ता र भूमिकालाई उपेक्षा गर्नु अज्ञानता हुनेछ। हुन त यो विषय अहिले छलफल कै क्रममा छ। तर अनेक राजनीतिक आन्दोलन र विद्रोह गरेर विगत सत्तरीवर्षमा उदाएका प्रजातान्त्रिक समाजवादी र समाजवादी राजनीतिकशक्ति हरुले यस्ता जनविरोधी विषयलाई बहसमा ल्याउनुले उनीहरुमा जनवादिता सकिँदै गएको र उनको पूँजीपतीय पक्षधरता प्रष्ट हुन्छ।

वस्तुतः भ्रष्टाचारको मुद्दामा कुनै हदम्याद हुनुहुँदैन। यस्तो भयो भने मात्रै भ्रष्टाचारीहरु हमेशा एकखालको त्रासमा रहने छन्, र कुनै न कुनै दिन दण्डित हुने सम्भावना कायम रहन्छ । होइन भने सत्ता समेतमा बहुआयामिक वर्चस्व कायम गरेको भ्रष्टाचारीहरुले अनेक गोरखधन्दा गरेर हदम्याद कटाउन सके ऊ चोखिन सक्छ, र कम्तीमा अहिले राजनीतिको जस्तो चरित्र छ, त्यसमा यो हदम्याद सजिलै काट्न सकिन्छ।

मार्क्सले संसदीय व्यवस्थालाई खसीको टाउको राखेर कुकुरको मासु बेच्ने थलोको रुपमा व्याख्या गरेका छन् । देशमा संघीय लोकतान्त्रिक गणतन्त्रले केही उपलब्धीपनि ल्यायो । तर अर्थ राजनीतिकरुपमा यस गणतन्त्रको चरित्र जसरी जनविराधी र पूँजीपतिपक्षीय हुँदैछ, त्यो खतरनाक र अफसोसनाक छ। सचेत जमातले सोचौं। तर अहिले त नेपाली राजनीतिमा भ्रष्टाचार सबैभन्दा बलियो सत्य छ। सत्तावृत्तमा खोज्ने हो भने संघदेखी स्थानीय सरकारसम्म भ्रष्टाचारको गंगा चौतर्फी बगीरहेको छ। यस मामिलामा अनन्त कथा बयान गर्न सकिन्छ।

# अद्भुत कलाका धनी अप्रतिम भगवान् श्रीकृष्ण



**राममणि सिटौला**

आजभन्दा हजारौं वर्षअघि भदौ महिनाको कृष्ण पक्षको अष्टमी तिथिमा जन्मिएका कृष्णको वैदिक सनातन धर्ममा सर्वोच्च स्थान छ। विश्वभरिका सनातन धर्मावलम्बीले कृष्ण जन्मिएको पावन तिथिलाई कृष्णाष्टमीका रूपमा हर्षोल्लासका साथ मनाउने गर्छन् । यतिखेर कृष्ण मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्छ । धुमधामका साथ पूजाअर्चना गर्दै उनको आराधना गरिन्छ।

अद्भुत कला, असीम पुरुषार्थ र परमार्थले भरिएका कृष्ण सर्वत्र वन्दनीय र पुजनीय छन्। उनी सनातनीहरू माझ कन्हैया, माधव, श्याम, गोपाल, द्वारकेश, द्वारिकाधीश आदि नामले चिनिन्छन्। सिङ्गो भारतवर्षमा सबैभन्दा अधिक र प्रसिद्व मूर्ति उनकै छ। श्रीकृष्ण संसारभरिका मानिसद्वारा अत्याधिक रुचाइएका अप्रतिम भगवान हुन्। उनी देश, धर्म, सम्प्रदायबाट माथि उठेका सर्वमान्य पुरुष हुन्। आज विश्वमा सबैभन्दा बढी शोध उनैमाथि भइरहेछ।

'कृष्ण' नामबारे अनेकौं व्याख्या छन् । 'कृष्ण' नाममा भएको 'क' कारले ब्रह्माको वाचकलाई बुझाउँछ। 'ऋ' कार र 'ष' कारले शेषनाग र शिवलाई बोध गराउँछ भने 'ण' ले धर्मलाई सङ्केत गर्छ । त्यस्तै 'विसर्ग' नारायणको बोधक हो । कृष्ण परब्रह्म, परमात्मा हुन्, भक्तिका दाता हुन्। त्यसैगरी कृष्ण नामको 'क' ले कमलकान्त, 'ऋ' ले राम, 'ष' ले शेषनागको शयूयामा निवासी विष्णु, 'ण' ले नरसिंहलाई बुझाउँछ । यी पूर्णतत्त्व, जुन महामन्त्ररूपी शब्दमा समाहित छ, वास्तवमा त्यही कृष्ण नै हो।

भगवान् विष्णुका आठौं अवतारका रूपमा द्वापर युगमा जन्मिएका कृष्णलाई सनातन धर्ममा त्यस युगका सर्वश्रेष्ठ पुरुष, युगपुरुष, युगावतारको स्थान दिइएको छ। कृष्ण आदर्श दार्शनिक, निष्काम कर्मयोगी, स्थितप्रज्ञ दैवी गुणले सुसज्जित महापुरुष थिए। योगेश्वर कृष्णका समकालीन कृष्ण द्वैपायन व्यासले कृष्णको चरित्रबारे श्रीमद्भागवत र महाभारतमा विस्तृत रूपमा उल्लेख गरेका छन्।

कृष्ण वसुदेव र देवकीका आठौं सन्तानका रूपमा मथुराको कारागारमा जन्मिएका थिए। देवकी कंसकी बहिनी थिइन्। कंस अत्याचारी राजा थियो। जब ऊ आफ्नी नवविवाहित बहिनीज्वाइँलाई रथमा चढाएर घर पुर्‍याउन जाँदै थियो, तब आकाशवाणी भयो, "देवकीको आठौं गर्भबाट तेरो मृत्यु हुने छ। " यो सुन्नेबित्तिकै उसले बहिनीलाई मार्न तरबार उठायो। तब वसुदेवले बिन्ती गरे, "देवकीबाट जति सन्तान जन्मिन्छन्, ती सबै बुझाउँला तर आफ्नी बहिनीलाई नमार्नू। "

कंसले वसुदेवको प्रतिज्ञा स्वीकार गर्‍यो र उनीहरूलाई मथुराको कारागारमा बन्दी बनायो। कारागारमा देवकीका जति सन्तान जन्मिए, सबैलाई कंसले हत्या गर्‍यो। देवकीको सातौं गर्भ देवी योगमायाले भगवान् विष्णुको आज्ञानुसार वसुदेवकी दोस्री पत्नी रोहिणीका गर्भमा सारिदिइन् । जब कृष्णको जन्मको दिन आयो, भगवान् विष्णु प्रकट भएर देवकीलाई आफू उनका छोराको रूपमा जन्म लिन लागेको रहस्य बताए। साथै उनले त्यतिखेर सारा पहरेदार निद्रामा मस्त हुने तथा वसुदेवका हतकडी आफैं खुल्ने पनि जानकारी दिए।

आफूलाई टोकरीमा राखेर गोकुल पुर्‍याउने र नन्दका घरमा भर्खरै जन्मिएको कन्या मथुरा लिएर आउन वसुदेवलाई सल्लाह दिए । भगवानुले भनेअनुसार भदौ अष्टमी तिथि, रोहिणी नक्षत्रका बेला मथुराका कारागारमा कृष्णको जन्म भयो। उनकै लीलानुरूप वसुदेव र देवकी हतकडी मुक्त भए। वसुदेवले टोकरीमा राखेर गोकुल लिएर जाँदै गर्दा भदौरे भेलले यमुना नदी उर्लिरहेकी थिइन् । जब यमुनाले कृष्णको दर्शन गरिन्, तब वसुदेवका निम्ति बाटो खुला गरिदिइन्।

नागहरूले आफ्ना फणाले कृष्णलाई पानीले नभिजाओस् भनेर ओत दिए। केही समयमा नै वसुदेव यशोदाका काखमा सुतिइरहेकी कन्यालाई उठाई कृष्णलाई त्यहाँ सुताएर मथुरा फर्के । कन्यालाई देवकीका काखमा सुताई वसुदेव पूर्ववत् कारागारमा बन्दी भएर बसे । केही क्षणमा बालिका रोएको आवाजले पहरेदारका निद्रा खुले र तिनले कंसलाई खबर गरे । अरू बालकलाई झैं जब कंसले बालिकालाई भुइँमा पछारेर मार्न खोज्यो, तब ती बालिकाले आकाशमा उड्दै भनिन्, "हे पापी, तैँले मलाई के मार्लास् ? तँलाई मार्ने गोकुलमा पैदा भइसकेको छ।" उनी योगमाया थिइन्। यसले कंसका मनमा चिसो पस्यो। उसले कृष्णलाई मार्न अनेकौं उपाय लगाए पनि सबै असफल भए।

कृष्णको बाललीला बयान गरी साध्य नै छैन। दही चोरी, पुतना बध, वत्सासुर-वकासुर-लम्बासुर-केशी बध, गोवर्द्धन धारण, गोपिका चीरहरण, कालीय दमन आदि हुन्। कृष्णका चमत्कारका कथा लोकमा त्यति नै प्रसिद्ध छन्। उनले माता यशोदालाई आफ्ना मुखको सारा ब्रह्माण्ड देखाएका थिए। उनले सान्दिपिनी ऋषिका छोरालाई यमराजका मुखबाट फिर्ता ल्याएका थिए भने मथुराकी कुप्री कुब्ज सुन्दरीलाई लक्षणबाटै ठिक गरेका थिए। उनले इन्द्रको अहङ्कार चुर गर्न औंलाले पर्वत उठाएका थिए । बर्बरिकको शिर काटेर एक स्थानविशेषमा राखेका थिए जहाँबाट युद्ध देख्न सकियोस्। जयद्रथ बधका समयमा आफ्नो मायाले समयपूर्व नै सूर्यास्त गराएका थिए भने अभिमन्युकी श्रीमती उत्तराका गर्भमा हुर्किरहेको परीक्षितलाई पुनः जीवित गरेका थिए। उनका यस्ता धेरै चमत्कारका कथा छन्।



आफ्ना सौर्यले कृष्णले कंसका दरबारका चारूण, मुष्टिक आदि वीरहरूलाई पनि परास्त गरे, अत्याचारी बर्बर कंसलाई मारेर मातापिता र मावलीका पितामह उग्रसेनलाई कारागारबाट मुक्त गरे । उनले मथुरा र गोकुलमा धर्म, न्याय र समताको शासन स्थापना गरे।

'महाभारत' मा पनि उनले नायकत्वको भूमिका निर्वाह गरे । उनले भारीसभामा द्रौपदीको चीरहरण हुँदा सारी रूप धारण गरेर द्रौपदीको इज्जत बचाए । पाण्डव र कौरवको लडाइँमा आफूले हतियार नचलाउने सर्तमा पाण्डव पक्षका सारथी भएर काम गरे । त्यही युद्धका दौरानमा पूर्वीय धर्म र दर्शनको महाग्रन्थ 'गीता' जन्मियो । यसमा 'महाभारत' को युद्धका बिच अर्जुन र कृष्णको संवादको बयान छ श्रीमद्भागवत 'गीता' को उत्पत्ति श्रीकृष्णका मुखबाट भएको थियो। यसलाई महर्षि वेदव्यासले श्लोकका रूपमा ग्रन्थमा वर्णन गरेका छन् । 'गीता' ले हाम्रो जीवनका मार्गमा आउने विपत्तीबाट उम्कनका निम्ति मार्गप्रशस्त गर्छ। यसमा मुख्य रूपमा ज्ञानयोग, कर्मयोग र भक्तियोगलाई महत्त्व दिइएको छ । 'महाभारत' को १८ पर्वमध्ये भीष्म पर्वको एक हिस्सा हो गीता । यसमा कुल १८ अध्याय छ। तिनको कुल श्लोक ७०० छ। वेदको सार उपनिषद् हो । उपनिषद्को सार 'गीता' हो । उपनिषद् गाई हो भने 'गीता' दुग्धधारा। यसमा सृष्टिको उत्पत्ति, जीव विकासको क्रम, हिन्दू सन्देशवाहकको क्रम, मानवोत्पत्ति, योग, धर्म, कर्म, ईश्वर, भगवान्, देवीदेवताको उपासना, प्रार्थना, यम, नियम, अन्तरिक्ष, जीवन प्रबन्धन, राष्ट्र निर्माण, त्रिगुणको सङ्कल्पना, सबै प्राणीमा मैत्रीभाव आदिको चर्चा छ, अनेकौं योगहरूको वर्णन छ । पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं छैटौं, सातौं, आठौं, नवौं दसौं, एघारौं बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं र अठारौं अध्यायमा क्रमशः विषाद, सा?्य, कर्म, ज्ञान, ज्ञान कर्मसन्न्यास, आत्मसंयम योग, ब्रह्म, राजविद्याराज, विभूति, दैवासुत्स्म्द्धि, श्रद्धा विभाग, मोक्ष सन्न्यास योग आदिको चर्चा छ।

आफ्ना बन्धुबान्धव देखेर युद्धदेखि डराएका अर्जुनलाई सा?्य योगमा युद्धदेखि भाग्नु कायरताको संज्ञा दिँदै आत्माको अमरताबारे बताइएको छ । कर्म योगमा कर्मको गम्भीर विवेचना हुनाका साथै अनासक्त भावको निरुपणको उपाय बताइएको छ। ज्ञान कर्म सन्न्यास योगमा सगुण भगवान्को प्रभाव, कर्म योगको विषय, योगी महात्मा पुरुषको आचरण, तिनीहरूको महिमा आदिको चर्चा हुनाका साथै पृथक् यज्ञको फलबारे दर्साइएको छ। सारमा यी योग कसरी स्थितप्रज्ञ बन्ने र मोक्ष प्राप्ति गर्ने भन्ने विषयमा केन्द्रित छ । यी योगहरू योगेश्वर कृष्णका वाणी हुन् । 'गीता' का प्रत्येक श्लोकमा ज्ञानका प्रकाशहरू छन् जसले अज्ञानको अन्धकार नष्ट पारेर उज्यालोको मार्गमा हिँडाउँछ र मानिसलाई परमपदको अधिकारी बनाउँछ।

कृष्ण चरित्रमा जति पनि चमत्कारका कथा छन्, त्यसको सतहीभन्दा पनि प्रतीकात्मक अर्थ छन् । कृष्णले औंलामा गोवर्द्धन पर्वत उठाएको कथा झट्ट सुन्दा मानिसले प्रश्न उठाउन सक्छन्–के औंलामा पनि पहाड उठाउन सकिन्छ र ? तर यसको साङ्केतिक अर्थ छ। गोवर्द्धन पर्वत उठाउनाको अर्थ हो- कृषिमा क्रान्ति ल्याएर गोवंशको रक्षा गर्नु। उनको उद्देश्य भनेकै लक्ष्मी माताको प्रतीक गौमाताको रक्षा गर्नु थियो । गोवंशको रक्षा नभई कृषि युग अगाडि बढ्न सक्दैनथियो । उनले गोवर्द्धन उठाए भन्नाको अर्थ हो, उनले गाईको रक्षा गरेर कृषि युगलाई अगाडि बढाए। यस्तै कालीय दमनको कथाको पनि साङ्केतिक अर्थ छ। कालीय नाग रूपक हो। कृष्णले संसारलाई आतङ्कित पारेको कालीय नाग दमन गरे । कालिय नागको प्रवृत्ति मानिसभित्र पनि छ। हामी आफूभित्रको क्रोध, अहङ्काररूपी कालीय नागमाथि जब विजय प्राप्त गर्छौं, तब हामी श्रीकृष्ण प्राप्त गर्छौं। यसको अर्थ यही हो।

कृष्णको हातको सुदर्शन चक्रको विम्बात्मक अर्थ हो --आत्मचक्र । यो एउटा आफैँसँग साक्षात्कार गरिने आत्मसाक्षात्कार हो । सुदर्शन 'सु' र 'दर्शन' भन्ने शब्दले बनेको छ। 'सु' भनेको राम्रो र 'दर्शन' भनेको दृष्टिकोण हो। जब हामीभित्र खराब दृष्टिकोण अन्त्य भएर असल दृष्टिकोण बन्न थाल्छ, तब हामी सुदर्शन प्राप्त गर्छौं । त्यसले कृष्णले दुष्टलाई नाश गरे झैं हामीभित्रको दुष्टता नाश गर्छ । त्यो आत्मसाक्षात्कारबाट सम्भव छ।


कृष्णसँग जोडिएका अरू धेरै कथाका प्रतीकात्मक अर्थ छन् । भनिन्छ, भगवान् कृष्ण सोह्र अध्यात्मिक, चौध विद्या, चौंसट्ठी सांसारिक कलामा पारङ्गत थिए। त्यसैले उनी जगन्नाथ, जगद्गुरू कहलिन्छन्। उनी आफूलाई भगवानभन्दा पनि मित्र, सखा भन्न रुचाउँथे । उनले सधैं मित्रतालाई नै महत्त्व दिए। चाहे सुदामा हुन्, अर्जुन हुन्, सबैलाई उनले साथीका रूपमा हेरे । उनले आफ्ना महत्त्वपूर्ण ज्ञान बाँडे । उनको सबैभन्दा बढी मित्रता ब्राह्मण सुदामासँग थियो । आफ्नो दरिद्रताका कारण सुदामा कृष्णलाई भेट्न हिचकिचाइरहेका थिए । जब उनले कृष्णलाइ भेटे, उनी भावविभोर भए। भनिन्छ, त्यतिखेर कृष्णले आफ्नै आँसुले सुदामाको पाउ धोएका थिए।

उनका माध्यमबाट द्रौपदी, राधा, रुक्मिणी, सत्यभामा, गोपीलगायत हजारौं महिलालाई मोक्ष प्राप्ति भयो । केही विधर्मीहरू कृष्णका सोह्र हजार रानी थिए भनेर उनको चरित्रमाथि प्रश्न उठाई बौद्धिक विलास गर्छन् तर यथार्थ बिल्कुल फरक छ। सोह्र हजार त उनका भक्त मात्र थिए। उनी त आफ्ना बालसखा राधा र आफ्ना पत्नीलाई मात्र प्रेम गर्थे। राधालाई माता लक्ष्मीको अवतार पनि मानिन्छ।श्रीमद्भागवतमा उनको विराट् स्वरूपको पनि चर्चा आउँछ। उनले आफ्नो त्यो स्वरूप अक्रूर, उद्धव, राजा मुचुकुन्द, शिशुपाल, धृतराष्ट्रको सभामा देखाएका थिए । अद्भुत कला, अविश्वसनीय चमत्कारले भरिएका कृष्ण सनातन धर्मका आधारतम्भ र अप्रतिम भगवान हुन्। कृष्णाष्टमीका अवसरमा कृष्णप्रति शतशत नमन-

"श्रीकृष्ण गोविन्द हरे मुरारे, हे नाथ नारायण वासुदेव :"

(लेखक नेपाली लोकसाहित्य र संस्कृतिका जानकार हुनुहुन्छ)

# छिमेकी मुलुकसँगका समस्याबारे खुलस्त संवाद गरेर समाधान गर्न सकिन्छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्माले छिमेकी मुलुकका बीचमा यदाकदा समस्याहरु देखिनु सामान्य भएकाले ती विषयमा खुलस्तरुपमा संवाद गरेर समाधान गर्न सकिने बताउनुभएको छ ।

पूर्वउपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री कमल थापाद्वारा लिखित 'कूटनीति र भूराजनीति' पुस्तकको सोमबार विमोचन गर्दै प्रधानमन्त्री ओलीले जायज र न्यायोचित राष्ट्रिय हितका साथै अन्तर्राष्ट्रिय उत्तरदायित्व बहन गरेर तथ्य-प्रमाणका आधारमा समाधान खोजिएमा समस्या उत्तपन्न नहुने बताउनुभएको हो ।

> प्रधानमन्त्री ओलीले देशभित्रको कमजोरी र स्वार्थ लुकाउन "भूराजनीति"को प्रभाव भन्ने सोच उचित नहुने भन्दै राष्ट्रलाई शीरमा राखेर राष्ट्रिय स्वाभिमानको झण्डालाई फहराउन आग्रह गर्नुभयो ।

"नेपालले सन्तुलत, इमानदारिता र पक्षधरताबिहीनताका आधारमा दुवै छिमेकीसँग असल सम्बन्ध राख्छ । हामी एउटा छिमेकीविरुद्ध अर्को छिमेकीको कुनै कार्ड प्रयोग गर्दैनौं । कसैको कुभलो चिताउँदैनौं । हाम्रो भूमि कुनै पनि छिमेकीका विरुद्ध प्रयोग हुन दिँदैनौं", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी तटस्थता र शान्तिपूर्ण समाधानको बाटो खोज्छौं । संयुक्त राष्ट्रसङ्घका सिद्धान्तको पालना गर्छौं । त्यसको उलङ्घन भएमा हामीले अनुचित भयो भनेर भन्न सक्नुपर्छ । तर्कलाई भन्दा तथ्यलाई अगाडि सार्न सक्नुपर्छ । हामी विश्वशान्ति र आफ्ना नागरिकको सुरक्षाका सवालमा संवेदनशील छौं । कुनै पनि देशले आफ्नो स्वार्थका लागि अरुको स्वाभिमानाका धक्का लगाउने काम गर्नु हुँदैन ।"

प्रधानमन्त्री ओलीले देशभित्रको कमजोरी र स्वार्थ लुकाउन 'भूराजनीति'को प्रभाव भन्ने सोच उचित नहुने भन्दै राष्ट्रलाई शीरमा राखेर राष्ट्रिय स्वाभिमानको झण्डालाई फहराउन आग्रह गर्नुभयो । उहाँले नेपाल र भारतबीचको शीर्ष तहको सहमतिबाट सन् १९५० का सन्धीलगायतका विषयमा पुनरावलोकनका लागि गठित प्रबुद्ध व्यक्तिहरुको समूह (इपिजी)को प्रतिवेदन बुझ्न भारतीय पक्षलाई आग्रह गर्दै त्यसपछि सीमा विवादलगायत विषयमा थप संवाद गर्न सहज हुने स्पष्ट गर्नुभयो । प्रधानमन्त्री ओलीले २०७२ सालमा भारतले नेपाललाई नाकाबन्दी लगाएका बेला आफू प्रधानमन्त्री हुँदा चीनसँग व्यापार तथा पारबहन सन्धी हुनु युगान्तकारी काम भएको पनि स्मरण गर्नुभयो ।

तत्कालीन परराष्ट्रमन्त्री थापाले चीनसँगको उक्त सम्झौता कार्यान्वयन गर्न आग्रह गर्दै राष्ट्रिय हित र स्वाभिमानका सवालमा अन्तर्राष्ट्रिय मञ्चमा खुलस्त र निडररुपमा कुरा राख्न सक्ने नेताका रुपमा प्रधानमन्त्री ओलीलाई आफूले पाएको बताउनुभयो ।रासस

# खानेपानीका क्षेत्रमा देखिएका समस्या सबै मिलेर समाधान गर्नुपर्छ : मन्त्री यादव

नारायणगढ । खानेपानीमन्त्री प्रदीप यादवले देशैभरि खानेपानीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि सबै एकजुट भएर लाग्नुपर्ने बताउनुभएको छ ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घ नेपालको २२ औं स्थापना दिवसका अवसरमा सामेबार सौराहामा आयोजित ' खानेपानी तथा सरसफाइ क्षेत्रको सवाल र समाधान' विषयक राष्ट्रिय गोष्ठीमा मन्त्री यादवले जलवायु परिवर्तनका कारणले गर्दा खानेपानीका स्रोत सुक्दै जाँदा अनेकन समस्या आएको उल्लेख गर्नुभयो । "आज सेता हिमाल काला हुँदैछन्, हिउँ पग्लिएको छ । पहाडमा पानीका मुहान सुक्न थालेका छन् । मधेसमा चुरेको दोहनका कारण चापाकलमा पानी आउँदैन", उहाँले भन्नुभयो,"चुरे दोहन तथा जलवायु परिवर्तनका कारण पानीका स्रोत सुकेर देखिएका समस्या समाधानका लागि देशभरि नै जलस्रोतको अध्ययन गरेर आवश्यक काम गर्न जरुरी छ ।"



आउँदो दिनमा पानीकै लागि विश्वले ठूलो समस्या भोग्नुपर्ने अवस्था सक्ने भन्नुहुँदै मन्त्री यादवले नेपालमा समस्या आउनुअघि नै सजग हुनपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले खानेपानीका लागि बनेका ऐन, नियमावलीमा कुनै समस्या भए समाधान गरेर अगाडि बढ्न सकिने धारणा राख्नुभयो । "ऐन, नियमावलीमा के लेखिएको छ यस कुरालाई लिएर तपाईंहरू डराउनुपर्दैन । नियमवाली परिर्वतन नहुने ग्रन्थ होइन, यो परिवर्तन हुने कुरा हो । जनताको हकहितका लागि आवश्यकतानुसार यसलाई परिवर्तन गर्न पर्छ । उपभोक्ता तथा जनताको अहितमा हुने काम सरकारले कहिल्यै गर्दैन र अहित हुने प्रावधान परिवर्तन गर्न सकिन्छ",मन्त्री यादवको भनाइ थियो ।

उपभोक्ता महासङ्घलाई जनताको घरसम्म पुगेर लाखौं जनतालाई खानेपानी उपलब्ध गराएकामा धन्यवाद दिनुहुँदै उहाँले खानेपानीमा बिजुलीलगायत छुटको व्यवस्था गर्नुपर्ने बताउनुभयो । मन्त्री यादवले साना उपभोक्ता संस्थालाई काम तथा कार्यक्षेत्रका आधारमा गाभेर अगाडि बढ्नुपर्नेसमेत बताउनुभयो।कार्यक्रममा खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रामकुमार श्रेष्ठले खानेपानी उपभोक्ता समितिले व्यावसायिक उद्देश्य राखेर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले खानेपानीको अधुरो आयोजना पूरा गर्न विभाग लागेको र जलवायु परिवर्तनलगायत कारणले पानीको स्रोत घट्दै जाँदा यसमा समस्या आएको उल्लेख गर्नुभयो ।

महासङ्घका अध्यक्ष राजेन्द्र अर्यालले खानेपानीमा राज्यले लगाउने कर, बिजुली र इन्धनमा छुटको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

विभिन्न निर्माण तथा मर्मतकार्य गरिँदा वा खानेपानीको पाइप विछ्याउँदा समन्वय हुनपर्ने उहाँको भनाइ छ । महासङ्घले सरकारले गरेका राम्रो निणर्यमा सदैव साथ दिने प्रतिबद्धता व्यक्त गर्नुहुँदै अध्यक्ष अर्यालले सबैसँग सहकार्य गरेर उपभोक्तालाई गुणस्तरीय खानेपानी उपलब्ध गराउन प्रतिबद्ध रहेको बताउनुभयो ।

महासङ्घका उपाध्यक्ष जनक गिरीले खानेपानीको विद्यमान अवस्था, चुनौती र रणनितिका बारेमा प्रस्तुती राख्नुभएको थियो । अधिवक्ता दिलराज खनालले खानेपानी तथा सरसफाइका कानुनी व्यवस्था र उपभोक्ता संस्थाको नीतिगत कुराहरू प्रस्तुत गर्नुभयो । खानेपानी तथा सरसफाइविज्ञ विनोद शर्माले खानेपानी तथा सरसफाइ दिगो विकासका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रमम खानेपानी महासङ्घ रत्ननगरका अध्यक्ष माधव अर्याल, चितवन खानेपानी महासङ्घका अध्यक्ष धनराज गुरुङ, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलागयतले बोल्नुभएको थियो ।

त्यस अवसरमा देशभरबाट खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने विभिन्न विधाका चार जना पत्रकारलाई सम्मान गरिएको थियो । गोष्ठीमा केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समिति गरी दुई सय ५० भन्दा बढी प्रतिनिधिको सहभागिता रहेको थियो ।रासस

# सहिद तथा बेपत्ता परिवारलाई सम्मान र परिपूरणको ढोका खुल्यो: अध्यक्ष प्रचण्ड

कास्की । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले सङ्क्रमणकालीन न्यायसम्बन्धी (टिआरसी) विधेयक संसद्का दुवै सदनबाट



पारित भएपछि सहिद तथा बेपत्ताका परिवारलाई सम्मान र परिपूरणको ढोका खुलेको बताउनुभएको छ ।

सहिद तथा बेपत्ताका परिवारसँगको भेटमा सोमबार पोखरामा उहाँले लामो समयको मेहिनतपछि टिआरसी विधेयक टुङ्गो लागेको बताउनुभयो । अध्यक्ष दाहालले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक पारित भएसँगै बेपत्ता योद्धाका बारेमा आयोगले छानबिन गर्ने र अब अवस्था पत्ता लगाउन धेरै समय नलाग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सहिदका लागि मात्र होइन, बेपत्ता योद्धाको अवस्था पत्ता लगाउने बाटो खुलेको छ । आयोगले छानबिन गर्छ, अब धेरै समय लाग्दैन । बेपत्ताले पनि सहिदको सम्मान र परिपूरण पाउँछन् ।"

माओवादी केन्द्रको नेतृत्वमा रहेको अघिल्लो सरकारले जनयुद्धका सबै सहिदलाई राष्ट्रिय सहिद घोषणा गरेर राजपत्रमा प्रकाशित गरेको बताउनुभयो । "अरु सबै सहिद हुने, जनयुद्धका सहिद राष्ट्रिय सहिद नहुने, यसले तपाईं हामी सबैलाई टेन्सन थियो । त्यो पनि यो पटक सरकारले सबैलाई राष्ट्रिय सहिद घोषणा मात्रै गरेको होइन, राजपत्रमै प्रकाशित गरियो । सबै सहिद राष्ट्रिय सहिदको दर्जामा जानुभयो", अध्यक्ष दाहालले भन्नुभयो ।

बेपत्ता योद्धा परिवार कास्कीका अध्यक्ष अणनाथ बरालले बेपत्ता भएकाको अवस्था लामो समयसम्म पत्ता लाग्न नसक्दा आफूहरू अहिले पनि पीडामा रहेको बताउनुभयो । "हाम्रा परिवारका सदस्यको अवस्था अहिलेसम्म पनि हामीलाई केही थाहा हुन सकेन । हामीले जातीय परम्परा अनुसारको कर्म गर्न पाएका छैनौं । परिवार पीडामा बाँचिरहेका छौं", उहाँले भन्नुभयो ।रासस

# जनतामा देखिएको निराशा हटाउन सरकार प्रतिवद्ध छ : मन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले वर्तमान समयमा देखिएको आर्थिक मन्दि, व्यापार घाटा, उद्योग तथा व्यावसायीक क्षेत्रका समस्या सहजीकरण गरी जनतामा देखिएको निराशा हटाउन सरकार




प्रतिवद्ध रहेको बताउनुभएको छ ।

काठमाडौंमा सोमबार आयोजना गरिएको सुदूरपश्चिम समाजको १५औं साधारणसभामा मन्त्री भण्डारीले वर्तमान सरकार जनताको निराशा अन्त्य गरी आशा जगाउने बाटोमा अग्रसर रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको उद्यमसिलता र औधोगिक क्षेत्रको विकास गर्न मैले ध्यान केन्द्रीत गरेको छु ।"

मन्त्री भण्डारीले विशिष्ट परिस्थितिमा बनेको वर्तमान सरकारले राष्ट्रिय चुनौतीलाई अन्त्य गर्ने जिम्मेवारी वहन गरिरहेको बताउनुभयो ।

उहाँले सुदूरपश्चिमेलीको मौलिक पर्व गौरालाई अन्तराष्ट्रियस्तरमा विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "विगतमा सुदूरपश्चिममा मात्रै मनाइने गौरा पर्व अहिले देशभर तथा भारत, अमेरिकालगायतका देशमा समेत मनाउन थालिएको छ, यसको मौलिक स्वरुपको विस्तार गर्नुपर्छ ।रासस

# प्रधानमन्त्रीलाई एमाले काठमाडौंद्वारा ध्यानाकर्षण

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले) काठमाडौं जिल्ला कमिटीले काठमाडौंको स्वास्थ्य, खानेपानी, ढल, सडक, खाद्यान्न, वातावरण लगायत अन्य सुधार गरिनुपर्ने क्षेत्रका सन्दर्भमा ध्यानाकर्षण गराएको छ ।



प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार साँझ एमाले बाग्मती प्रदेशका इन्चार्ज डा राजन भट्टराई, जिल्ला कमिटी अध्यक्ष दीपक निरौला, काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोल, पूर्वप्रमुख विद्यासुन्दर शाक्यसहितको प्रतिनिधि मण्डलले मेलम्ची खानेपानी आयोजनाको सहज आपूर्ति नभएको अवस्थामा काठमाडौं क्षेत्र नं ३ स्थित सुन्दरीजलको नागमती ड्याम परियोजनाको बाँकी कामलाई तत्काल अगाडि बढाउन र उपत्यकाको विभिन्न भागमा पुनःभरणको योजना अगाडि बढाउन माग गरेको छ । यस्तै यहाँका नदीहरूको सौन्दर्यीकरण र फोहरमैलाको दीर्घकालीन समाधान गर्न पनि माग गरिएको छ ।

प्रतिनिधि मण्डलले काठमाडौं महानगरपालिकाभित्र नदीको दायाँबायाँ छोड्न निर्धारण गरिएको भन्दा अतिरिक्त थप २० मिटर जग्गामा भवन निर्माण गर्न अनुमति नदिनेसम्बन्धी सर्वोच्च अदालतको फैसलामा न्यायिक पुनरावलोकनका लागि आग्रह समेत गरेको छ । उक्त उत्प्रेषणको आदेशका आधारमा गत साउन २४ गतेको महानगरपालिकाका प्रमुखस्तरीय निर्णयबाट नक्सा अनुमति रोक्काको सूचना प्रकाशन गरिएको जनाइएको छ ।

सो अवसरमा एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले जनजीवनमा समस्या सम्बोधनका लागि सरकारका तर्फबाट गर्नुपर्ने पहल गर्ने जनाउँदै कुनै पनि निकाय र व्यक्तिले व्यावहारिकतालाई ध्यान नदिई निर्णय गर्न नहुने बताउनुभएको थियो ।रासस

# जनताको मुद्दालाई प्राथमिकतामा राख्न गृहमन्त्री लेखकको निर्देशन

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले जनताको मुद्दालाई प्राथमिकता राख्न नेपाल प्रहरीलाई निर्देशन गर्नुभएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंको नवनिर्मित भवन तथा भौतिक पूर्वाधार हरुको समुद्घाटन समारोहलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले जनताको मुद्दालाई प्राथमिकतामा राख्दा प्रहरीको मुद्दा पनि सँगै समावेश हुने बताउनुभयो । "प्रहरी साथीहरुलाई आत्मविश्वास काम गर्न आग्रह गर्दछु ।

जनताको मुद्दालाई प्राथमिकता दिनुपर्‍यो । जनताको मुद्दालाई प्राथमिकता दिँदा आफ्नो मुद्दा पनि आइहाल्छ," उहाँले भन्नुभयो ।

सरकार बनेको सय दिनमा १० वटा काम गर्ने योजनासहित काम गरिरहेको गृहमन्त्री लेखकले जानकारी दिनुभयो । नागरिकले राज्यबाट पाउने आधारभूत सेवामा प्रहरी जोडिएको छ र जिल्ला प्रहरी परिसर काठमाडौंको




नवनिर्मित भवनबाट जनताले उचित सेवा पाउनेमा विश्वस्त रहेको उहाँले उल्लेख गर्नुभयो । "यो भवनले नेपाल प्रहरीले गर्ने सेवामा ठूलो सहयोग गर्नेछ । जनताले उचित सेवा पाउन सकून् । सरकारले प्रदान गर्ने सेवा मध्ये प्रहरीले प्रदान गर्ने महत्वपूर्ण सेवा हो," गृहमन्त्री लेखक भन्नुभयो ।

उहाँले कांग्रेस र एमाले मिलेर सरकार बन्नुको उद्देश्य प्रस्ट पार्नुभयो । "दुई ठूला दल मिलेर सरकार बनेको छ । अहिलेको सरकार हामी केही मान्छे मन्त्री बनिहालौं भनेर बनेको होइन ।

विसं २०७९ को चुनावपछिको समय सरकार बनाउने र भत्काउनेमै गयो । आर्थिक, राजनीतिक र विकास निर्माणका लागि हामी दुई ठूला दल मिल्यौं," उहाँले भन्नुभयो, "यो सरकारको उद्देश्य भनेको सरकारको स्थायित्व, आर्थिक विकास, दिगो शान्ति, सुशासन र समावेशी चरित्रको राज्य व्यवस्था स्थापित गराउने हो ।" कांग्रेस र एमाले मिल्दा आत्मविश्वास वृद्धि भएको गृहमन्त्री लेखकले जिकिर गर्नुभयो ।

"यसको उदाहरण १८ वर्षसम्म अल्झिएको सङ्क्रमणकालीन न्यायको विषय निष्कर्षमा पुगेको छ । हामी नेता उहीं हौं । छलफल हामीबीच भएको थियो । तर दुई दल मिल्दा बढेको आत्मविश्वासले हामी सहमतिमा पुग्न सक्यौं । ऊर्जाशील प्रधानमन्त्री हुनुहुन्छ । उहाँको नेतृत्वमा हामी केही गरी छाड्नेछौं," उहाँले भन्नुभयो ।

गृह सचिव एकनारायण अर्यालले नेपाल प्रहरीलाई समानुकल, गतिशील, व्यावसायिक, सबल र सक्षम बनाउने नेपाल सरकारको नीति अनुरुप नै नयाँ भवनलाई महत्वपूर्ण उपलब्धीका रुपमा लिन सकिने बताउनुभयो । यसबाट नेपाल प्रहरीको मनोबल बढ्नुका साथै सेवाग्राहीलाई समेत सहज हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक बसन्तबहादुर कुँवरले भविष्यमा प्रहरीका अन्य भौतिक संरचना पनि विस्तारै व्यवस्थित गर्दै लैजाने बताउनुभयो । व्यवस्थित संरचनाका कारण प्रहरीले आमसेवाग्राहीलाई सहज र व्यवस्थित रुपमा सेवा दिन मद्दत पुग्ने उहाँले उल्लेख गर्नुभयो । रासस

# संस्कृतिको संरक्षणबाट सुसंस्कृत समाज निर्माणमा सहयोग पुग्छः अध्यक्ष नेपाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा सबै समुदायका परम्परागत संस्कृतिको संरक्षण गर्नुपर्ने बताउनुभएको छ ।

कृष्ण जन्माष्टमी तथा गौरापर्वका अवसरमा शुभकामना दिँदै उहाँले मौलिक चाडपर्व र संस्कृतिको संरक्षणबाट समाजलाई एकआपसमा एकताबद्ध गरी सुसंस्कृत समाज निर्माणमा सहयोग पुग्ने बताउनुभयो ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुकमा सबै जातजातिका समुदायले परम्परागत रूपमा मनाउँदै आएका पर्व संस्कृतिले सामाजिक एकता अभिवृद्धि गर्ने उल्लेख गर्नुभयो ।सम्पूर्ण जातजातिका चाडपर्व तथा संस्कृतिले राष्ट्रको गौरव बढाउने बताउँदै उहाँले सामाजिक असमानताको अन्त्य गरी पारस्पारिक सम्मान, सहअस्तित्व, सद्भाव र एकताको भावनाले राष्ट्रिय एकतालाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष नेपालले सुदूरपश्चिम क्षेत्रमा विशेष रूपमा मनाइने



गौरापर्वले विविधतायुक्त नेपाली समाजलाई सामाजिक एवं सांस्कृतिक रूपमा एकता र सहिष्णुताको भावनालाई विकास गर्ने विचार व्यक्त गर्दै सबै समुदायका सांस्कृतिक पहिचानको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# पाकिस्तानमा गाडीबाट ओरालेर गोली हानी कम्तीमा ३९ जनाको हत्या

बीबीसी

काठमाण्डु । पाकिस्तानको बलोचिस्तान प्रान्तमा सशस्त्र आक्रमणकारीहरूले गोली हानी कम्तीमा ३९ जनालाई मारिदिएको अधिकारीहरूले बताएका छन्।

आइतवार राति आक्रमणकारीहरूले उक्त दक्षिणपश्चिमी प्रान्तस्थित एउटा राजमार्गमा बस र ट्रकबाट मानिसहरूलाई बाहिर निकालेर परिचयपत्र जाँच्दै गोली हानेको बताइएको छासरकारी सुरक्षाकर्मीहरूले प्रत्याक्रमण गर्दा विभिन्न स्थानमा गरी कम्तीमा १२ जनाको मृत्यु भएको बीबीसी उर्दूले जनाएको छ। बलोचिस्तान प्रान्तमा साम्प्रदायिक, जातीय र पृथक्तावादी हिंसा हुँदै आएको छ। सशस्त्र समूहले परिचयपत्र जाँच्दै पन्जाब प्रान्तका मानिसहरूलाई छुट्ट्याएर गोली हानेको र सवार ीसाधनमा आगो लगाइदिएको आरोप अधिकारीहरूले लगाएका छन्।



बलोच लिबरेशन आर्मी (बीएलए) नामक लडाकु समूहले मुसाखेल जिल्लामा भएको उक्त घटना आफूले गराएको दाबी गरेको छास्थानीय अधिकारी नजिबुल्लाह काकरका अनुसार उक्त घटनामा ३० देखि ४० लडाकु संलग्न थिए। "उनीहरूले २२ वटा गाडी रोके," उनले समाचारसंस्था एएफपीसँग भने।"पन्जाबबाट आएका र पन्जाबतिर जान लागेका गाडीहरूमा जाँच गरियो अनि पन्जाबका मानिसहरूलाई पहिचान गरी गोली हानियो।"

पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले उक्त घटनालाई "आतङ्कवादी आक्रमण" को सङ्ज्ञा दिँदै त्यसको निन्दा गरेका छन्।

समाचारसंस्था रोएटर्सका अनुसार बीएलएले सर्वसाधारण मानिसको भेषमा यात्रा गरेका सैनिकहरूलाई आफूले निसाना बनाएको दाबी गरेको छाउक्त घटनाअघि बीएलएले बलोचिस्तानका सर्वसाधारणलाई राजमार्गबाट यात्रा नगर्न चेतावनी दिएको थियो।उसले आफ्नो सङ्घर्ष "बलोचिस्ताने कब्जा गर्ने पाकिस्तानी सेनाविरुद्ध" भएको बताएको थियो।

"बलोचिस्तानभरि हामीले सबै मुख्य राजमार्गमा पूर्ण नियन्त्रण कायम गरेका छौँ र उनीहरूलाई पूरै रोकेका छौँ," उसले भनेको छ। बलोचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो प्रान्त हो। प्राकृतिक स्रोतमा निकै धनी भए पनि उक्त प्रान्त सबैभन्दा कम विकसित छाबीएलए र अन्य बलोच पृथक्तावादी समूहहरूले बलोचिस्तानमा काम गर्ने पन्जाबी र सिन्धी समुदायका मानिसमाथि आक्रमण गर्ने क्रम बढाएका छन्। बलोचिस्तानसँग नाफा नबाँडी दोहन मात्रै गरेको आरोप लगाउँदै ती समूहहरूले विदेशी ऊर्जा कम्पनीहरूलाई पनि निसाना बनाउने गरेका छन्।

विगत २४ घण्टामा बीएलएले प्रहरी चौकी र सुरक्षाकर्मीका क्याम्पसहित कैयौँ सरकारी संरचनामा शृङ्खलाबद्ध आक्रमण गरेको छागत वर्ष एप्रिलमा भएको एउटा आक्रमणमा बलोचिस्तानमा एउटा बसका नौ यात्रुलाई बाहिर निकालेर उनीहरूको परिचयपत्र जाँच्दै गोली हानी हत्या गरिएको थियो। बीएलए पाकिस्तानको सत्तालाई चुनौती दिने विद्रोही सङ्गठन हो। यूके र अमेरिकासहित कैयौँ पश्चिमा देशहरूले यो समूहलाई 'अन्तर्राष्ट्रिय आतङ्कवादी सङ्गठन' मानेका छन्।

पछिल्ला वर्षहरूमा बीएलएले आक्रमणहरू तीव्र बनाएको छ। उसको निसाना पाकिस्तानी सुरक्षा निकायहरूबाट मोडिएर बलोचिस्तानमा सञ्चालित परियोजनामा कार्यरत चिनियाँ नागरिकहरूप्रति लक्षित हुन थालेको देखिएको छाअरू विद्रोही समूहसँग धेरै समानता भए पनि बीएलएले चाहिँ बलोचिस्तानका ग्यास परियोजनाहरू, पूर्वाधारहरू र सुरक्षा चौकीहरूलाई निसाना बनाउँदै आएको छ। यो समूहले सन् २०११ देखि पाकिस्तानी सुरक्षा निकाय, विदेशी कामदार, सरकारी मानिसहरू र पत्रकारमाथि आक्रमण गर्दै आएको छ।

सन् १९६४ मा सिरियामा स्थापना भएको बीएलए सुरुमा इरानी बलोच विद्रोहमा संलग्न भयो। इरानी बलोचहरूले त्यहाँको सरकारविरुद्ध विद्रोह गरेका थिए।पाँच वर्षको द्वन्द्वपछि इरानका शाहविरुद्ध जारी विद्रोह वार्तामार्फत् अन्त्य भयो। लगत्तै अन्य बलोच सङ्गठनहरूसँगै बीएलए पनि पाकिस्तान सरकारविरुद्ध सक्रिय भयो। यी सङ्गठनहरूले सन् १९७० दशकदेखि अफगानिस्तानमा शरण लिएर गतिविधि गर्दै आइरहेका छन्।

# श्रीलङ्कामा विदेशी पूँजी भित्र्याउने मार्क्सवादी नेताको घोषणा

एएफपी

कोलम्बो । श्रीलङ्काका प्रमुख मार्क्सवादी नेता तथा आगामी महिना हुने राष्ट्रपतिका उम्मेदवारले आफू राष्ट्रप्रमुख निर्वाचित भएमा विशेषगरी हरित ऊर्जाका क्षेत्रमा विदेशी लगानीकर्तालाई छानेर स्वागत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

पूर्व कृषिमन्त्री तथा भ्रष्टाचारविरुद्ध आवाज उठाउँदै आउनुभएका मार्क्सवादी नेता अनुरा कुमारा दिसानायका सन् २०२२ को आर्थिक मन्दीका लागि स्थानीय भ्रष्टाचारबाट आजित मतदातामाझ लोकप्रिय मानिनुहुन्छ।

अकल्पनीय आर्थिक सङ्कटका कारण आक्रोशित प्रदर्शनकारीले तत्कालिन राष्ट्रपति गोटबाया राजापाक्षेलाई अपदस्थ गरेपछि सेप्टेम्बर २१ मा पहिलो पटक मतदान हुनेछ।

संसदबाट निर्वाचित राष्ट्रपति रनिल विक्रमासिङ्घेले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को २.९ अर्ब अमेरिकी डलरको बेलआउट ऋणलाई निरन्तरता दिने बताइरहेका समय दिसानायकाले उक्त सम्झौताका विविध बुँदामाथि पुनः वार्ता गर्ने प्रतिवद्धता जाहेर गर्दै भारी कर कटौतीको योजना सार्वजनिक गर्नुभएको छ । "हामीसँग ठूलो मात्रामा पूँजी लगानी गर्ने क्षमता छैन त्यसैले हामी नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा विदेशी कम्पनीहरूलाई आमन्त्रण गर्नेछौं," दिसानायकाले आफ्नो घोषणापत्र सार्वजनिक गर्दै भन्नुभयो।



श्रीलङ्कामा ३९ जना उम्मेदवार चुनावी मैदानमा छन्, तर मुख्यतया दिसानायका, विक्रमासिङ्घे र विपक्षी दलका नेता सजिथ प्रेमदासाबीच प्रतिस्पर्धा हुने देखिएको छ ।विक्रमासिङ्घे र प्रेमदासा दुवै एउटै विचारधारासँग जोडिएका व्यक्ति हुन् ।

दिसानायकाले सन् २०१९ को राष्ट्रपतीय चुनावमा भाग लिएपनि उहाँले तीन प्रतिशत मात्र मत प्राप्त गर्नुभएको थियो । उनले २२५ सदस्यीय संसद्मा तीन सिट रहेको राष्ट्रिय जनसत्ता गठबन्धनको मुख्य घटक पिपुल्स लिबरेशन फ्रन्ट (जेभीपी) को नेतृत्व गर्नुभएको छ । कर कटौती गर्ने उहाँको आह्वानलाई धेरैले समर्थन गरेका छन् ।

जेभीपीले सन् १९७१ र सन् १९८७ मा दुई असफल सशस्त्र विद्रोहको नेतृत्व गरेको थियो । दुवै आन्दोलनमा लगभग ८० हजारको ज्यान गुमेपछि पार्टीले हिंसात्मक बाटोलाई त्यागेको छ ।दिसानायकाले श्रीलङ्कामा राष्ट्रपतीय प्रणाली खारेज गरी सन् १९७८ सम्म कायम रहेको बेलायती शैलीको संसदीय लोकतन्त्रमा फर्काउने प्रतिबद्धता जनाइरहनुभएको छ ।

विगत तीन दशकमा श्रीलङ्काका प्रायः सबै नेताहरूले शक्तिशाली राष्ट्रपति पद खारेज गर्ने वाचा गरेपनि यसलाई पूरा गर्न असफल भएका छन् ।

# इजरायलका 'नयाँ शर्तहरू' अमान्य : हमास

एएनआई

कायरो । हमासले युद्धविराम सम्झौताका लागि इजरायलले राखेका 'नयाँ शर्तहरू' आफुहरूलाई अमान्य भएको भन्दै हमासको प्रतिनिधिमण्डल वार्ताबाट पछि हटेको छ ।

जुलाई-२ मा अमेरिकाद्वारा प्रस्तावित र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट अनुमोदित प्रस्तावमा मात्र वार्ता गर्न सकिने भन्दै हमासको वार्ताका लागि इजिप्टको कायरोमा रहेको प्रतिनिधिमण्डल त्यहाँबाट बाहिरिएको सिएनएनले जनाएको छ ।वार्ताका लागि मध्यस्थकर्तासँग भेट गरेपछि हमास प्रतिनिधिमण्डल आइतबार कायरोबाट प्रस्थान गरेको हो ।गाजा युद्धको एक पक्षको प्रतिनिधित्व गरेको हमासको प्रतिनिधिमण्डलले वार्तास्थल छोडेपछि युद्ध अन्त्य गर्ने अमेरिकालगायतका मध्यस्तकर्ताको युद्ध विराम सफलताको सम्भावनामा थप जटिलता आएको छ ।



हमासले अमेरिकी राष्ट्रपति बाइडेनको खाका र सुरक्षा परिषद्को प्रस्तावको आधारमा गरिएको जुलाई-२ को सम्झौतामा मात्र सहमत हुने दावी गरेको हमासको राजनीतिक ब्युरोका सदस्य इज्जात अल-रिस्कले विज्ञप्तिमार्फत जानकारी दिनुभएको छ । अल-रिस्कले सम्झौतामा स्थायी युद्धविराम, गाजा पट्टीबाट पूर्ण रूपमा सेना फिर्ता, बासिन्दालाई आफ्नो क्षेत्र फर्कने स्वतन्त्रता, राहत तथा पुनर्निर्माणलगायतका विषय समावेश हुनुपर्नेमा जोड दिनुभयो ।

गत हप्ता हमासका वरिष्ठ अधिकारी ओसामा हमदानले अल अक्सा टिभीसँगको कुराकानीमा इजरायलले सम्झौता स्वीकार्नका लागि नयाँ शर्तहरू तय गरेको र पहिलेका कुरा फिर्ता लिएको भन्दै नयाँ शर्त आफ्नो समूहका लागि मान्य नहुने बताउनुभएको थियो । हमदानका अनुसार नयाँ शर्तहरूमा इजिप्टसँगको सिमानामा रहेको पट्टी फिलाडेल्फी कोरिडोरमा इजरायली सेनाको पुनःस्थापना र इजिप्टसँगको रफाह सीमापारका लागि गैर-प्यालेस्टिनी व्यवस्थापनसमेत समावेश थियो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले 'नयाँ मागहरू' थपी वार्ताको प्रगतिको बाधक बनेको हमासको दावी छ । यसैबीच नेतान्याहूले सम्झौता भए पनि हमासविरुद्धको 'पूर्ण विजय' नभएसम्म गाजामा युद्ध जारी रहने कुरामा जोड दिनुभएको छ ।हमासले गत वर्ष अक्टोबरमा इजरायलमा एक्कासी ग रेको आक्रमणमा कम्तीमा एक हजार २०० जनाको मृत्यु भएको थियो भने करिब २५० जनालाई बन्धक बनाएको थियो । बदलामा इजरायलले शुरू गरेको सैन्य कारबाहीमा ४० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

> **इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले "नयाँ मागहरू" थपी वार्ताको प्रगतिको बाधक बनेको हमासको दावी छ ।**

यसैबीच, हमास निकट समूहविरूद्धको कारबाहीस्वरूप इजरायलले शुरू गरेको अभियानमा लेबनानका ४० भन्दा बढी प्रक्षेपण क्षेत्रमा आक्रमण गरिएको जनाएको छ । आइतबार इजरायली सेनाले आफ्नो लडाकू विमानले उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले पठाएका हजारौं रकेट लन्चरलाई लेबनानको दक्षिणी सिमानामा आक्रमण गरेको जनाएको थियो ।

"करिब १०० आईएएफ लड़ाकू विमानले दक्षिणी लेबनानमा रहेका हजारौं हिजबुल्लाह रकेट लञ्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरिएको छ," इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केही मध्य इजरायलतर्फ लक्षित थिए ।हिजबुल्लाह समूहको आक्रमणपछि शनिबार इजरायलले लेबनानसँगको बढ्दो तनावबीच ४८ घण्टाका लागि सङ्कटकाल घोषणा गरेको थियो ।

# अन्तरिक्षमा अलपत्र दुई अन्तरिक्षयात्रीलाई स्पेसएक्सले 'फेब्रुअरीमा फिर्ता ल्याउने'

बीबीसी

काठमाण्डु । अन्तरिक्षमा विगत दुई महिनादेखि 'अलपत्र' परेका नासाका दुई अन्तरिक्ष वैज्ञानिकहरू आगामी वर्ष फेब्रुअरी महिनामा स्पेसएक्स कम्पनीको सहयोगमा पृथ्वी फर्किने भएका छन्।अमेरिकी अन्तरिक्ष निकाय नासाका अनुसार सुनीता विलिअम्स र ब्यारी विल्मोरलाई अन्तरिक्षमा लिएर गएको 'बोइङ स्टारलाइनर' अन्तरिक्षयान भने उनीहरूबिनै फर्किने छ।

उक्त यान विलिअम्स र विल्मोरलाई लिएर गत जुन ५ मा आठदिने अभियानका लागि अन्तरिक्षमा गएको थियो। अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र 'आईएसएस' तिर जाने क्रममा उक्त यानमा प्राविधिक समस्या उत्पन्न भएपछि दुई अन्तरिक्षयात्रीहरूले अझै आठ महिनाजति पृथ्वीको परिक्रमा गरेर बिताउनुपर्ने भएको छ। 'प्रपल्शन' प्रणालीमा इन्धन प्रवेश गराउने 'हीलिअम' चुहिने लगायतका समस्या उक्त स्टारलाइनर नामक यानमा देखा परेको थियो। उक्त यानमा जडित केही 'थ्रस्टर'हरूले पनि राम्ररी काम गरेका थिएनन्।



नासाले आफ्ना अन्तरिक्षयात्रीहरूलाई अन्तरिक्षमा पठाउन बोइङ र स्पेसएक्स दुवै कम्पनीसँग सहकार्य गरेको छ। बोइङले ४.२ अर्ब डलरको र इलोन मस्कले स्थापना गरको स्पेसएक्सले नासासँग २.६ अर्बको सम्झौता गरेका छन्। स्पेसएक्सले अहिलेसम्म नासाका लागि मानवसहितका नौवटा र केही व्यावसायिक उडान गरेको छ। तर मानवलाई अन्तरिक्षमा लैजाने प्रयासमा बोइङको यो पहिलो संलग्नता थियो।बोइङ र नासाका इन्जिनियरहरूले स्टारलाइनर अन्तरिक्षयानको प्राविधिक समस्याहरू बुझ्न धेरै महिना खर्चेका छन्।उनीहरू पृथ्वी र अन्तरिक्ष दुवै स्थानमा परीक्षण गर्दै छन् र डेटा पनि सङ्कलन गर्दै छन्।

उनीहरू अहिले देखा परेको समस्याको मूल कारण पत्ता लगाउने र दुई अन्तरिक्षयात्रीलाई सकुशल पृथ्वीमा फिर्ता ल्याउने प्रयास गरेका थिए। नासा प्रमुख बिल नेल्सनले शनिवार आयोजित पत्रकार सम्मेलनमा स्टारलाइनरमा कस्तो सुधार गर्नुपर्छ भन्ने बुझ्न बोइङले नासासँग मिलेर काम गरिरहेको बताए।"अन्तरिक्षको उडान जोखिमपूर्ण हुन्छ, एकदमै सुरक्षित अवस्थामा पनि र नियमित उडान भए पनि। अनि परीक्षण उडान स्वभावतः न त सुरक्षित हुन्छ न त नियमित नै," उनले भने।

"हाम्रो मूल मान्यता सुरक्षा हो अनि यसले नै हामीलाई मार्गनिर्देशन गर्छ," उनले भने।विलिअम्स र विल्मोरलाई 'स्पेसएक्स क्रू ड्र्यागन' अन्तरिक्षयानमार्फत पृथ्वीमा फर्काउन उनीहरूलाई फेब्रुअरी २०२५ सम्म आईएसएसमै राख्ने निर्णय गरिएको छ। उक्त अन्तरिक्षयान आगामी सेप्टेम्बर महिनाको अन्त्यतिर प्रक्षेपण गर्ने योजना छाउक्त यानमा चढेर चार अन्तरिक्षयात्री जाने तय गरिएको थियो। तर विलिअम्स र विल्मोरलाई फिर्ता ल्याउन पर्याप्त ठाउँ पुगोस् भनेर अब दुई जनालाई मात्रै पठाइने छ।

सुनीता विलिअम्स र ब्यारी विल्मोरले अब के गर्छन्

नासाका अनुसार दुवै अन्तरिक्ष वैज्ञानिकले यसअघि पनि लामो समय अन्तरिक्षमा व्यतीत गरेका थिए र उनीहरू अन्तरिक्ष केन्द्रमा बढी बस्नुपर्ने सम्भावनासहित परीक्षण उडानसँग सम्बन्धित अन्य जोखिमबारे अवगत थिए।

विल्मोर ६१ वर्षका छन् भने विलिअम्स ५८ वर्षकी छिन्। नासाका अनुसार दुवै जना पृथ्वीमा फर्किने योजनामा सहमत भएका छन्।अबका महिनाहरूमा उनीहरू अन्तरिक्षमा विभिन्न वैज्ञानिक कार्य र अन्तरिक्षयानको मर्मतमा संलग्न हुने छन्। उनीहरू 'अन्तरिक्षमा हिँड्ने' पनि छन्। यसअघि विकास र निर्माणको चरणमा उत्पन्न प्राविधिक समस्याका कारण बोइङको स्टारलाइनर प्रक्षेपण गर्ने योजनामा केही वर्षको विलम्ब भएको थियो।

त्यसैगरी योभन्दा अगाडि गरिएको मानवरहित उडानमा पनि समस्याहरू देखा परेका थिए। एउटा विज्ञप्ति प्रकाशित गर्दै बोइङले "अन्तरिक्षयात्री र यानको सुरक्षा"मा आफ्नो ध्यान केन्द्रित गरिएको जनाएको छ।"हामी नासाले निर्धारण गरेबमोजिम नै अभियान सञ्चालन गर्दै छौँ अनि हामी यात्रुरहित यानको सुरक्षित र सफल फिर्तीको तयारी गर्दै छौँ," बोइङले भनेको छ।

# डेरी फर्मलाई साढे दुई लाख डलरभन्दा बढी जरिवाना

एएफपी

वेलिङ्गटन । 'शतप्रतिशत शुद्ध न्युजिल्याण्ड' डेरी उत्पादन भनी कारोबार गर्दै आएको न्युजिल्याण्डको डेरी कम्पनीमा छापा मारी कारबाही गरिएको छ ।

भारतबाट आयातित नौनी घ्यू बेच्ने तर आफ्नो उत्पादन 'शतप्रतिशत शुद्ध न्युजिल्याण्ड' को भएको झूटो दाबी गरेको आरोपमा डेरी कम्पनीलाई कारबाही गरिएको हो । न्युजिल्यान्डको वाणिज्य आयोगले डेरी कम्पनी मिल्कियो फुड्स लिमिटेडलाई आफ्नो नौनी घ्यू उत्पत्तिको बारेमा झूटो दाबी गरेको आरोपमा सोमबार दुई लाख ६१ हजार ४५२ अमेरिकी डलर जरिवाना गरेको छ ।



ह्यामिल्टनस्थित उक्त फर्मले भारतबाट घ्यू तथा दुधजन्य सामान आयात गर्ने र 'शतप्रतिशत शुद्ध न्युजिल्यान्ड' डेरी उत्पादनजस्ता दाबीका साथ ग्राहकलाई आफ्नो घ्यू उत्पादनबारे झट्टा प्रचार गरी ग्राहकलाई भ्रममा पारेको वाणिज्य आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।न्यूजिल्याण्डको कृषि-सञ्चालित उद्योगले उच्च गुणस्तरको डेरी निर्यातमा गर्व गर्दछ र विदेशी ग्राहकहरू यसको समृद्ध चरनबाट प्राप्त हुने दूध र मक्खनको लागि लालायित हुने गर्छन् ।

वाणिज्य आयोगका प्रवक्ता भेनेसा होर्नले भन्नुभयो, "मिल्कियोले न्यूजील्याण्डमा निर्मित उत्पादनहरू पहिचान गर्न एक विश्वसनीय प्रतीक (फर्नमार्क लोगो) को प्रतिष्ठाको फाइदा उठाउँदै अन्य उत्पादनलाई बढावा दिएको पाइएपछि जरिवाना गरिएको हो । कम्पनीले ' फर्नमार्क लोगो' प्रयोगका लागि स्वीकृति प्राप्त गर्न गलत र अपूर्ण जानकारी पनि प्रस्तुत गरेको थियो ।

# बङ्गलादेशमा बाढीबाट २३ जनाको मृत्यु, झण्डै ६० लाख प्रभावित

सिन्ह्वा

ढाका । बङ्गलादेशका केही भागमा आएको बाढीका कारण २३ जनाको मृत्यु, करिब ६० लाख मानिस प्रभावित र हजारौं परिवार विस्थापित भएका छन् ।

विपद् व्यवस्थापन तथा राहत मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् व्यवस्थापन समन्वय केन्द्र (एनडिआर सिसी) को दैनिक विपद् अवस्था प्रतिवेदनअनुसार सोमबार दिउँसोसम्म देशका ६४ जिल्लामध्ये ११ जिल्लामा बाढीका कारण ५७ लाख एक हजार दुई सय चार जना प्रभावित भएका छन् ।

मन्त्रालयको वेवसाइटमा प्रकाशित प्रतिवेदनमा देशमा बाढीका कारण २३ जनाको मृत्यु भएको छ भने ११ जिल्लामा १२ लाख ३८ हजार ४८ परिवार अलपत्र परेका छन् ।



दुई जना बेपत्ता समेत भएको बताइएको छ ।गत हप्तादेखि प्रमुख नदीहरू 'ओभरफ्लो' हुँदा बङ्गलादेशका केही भागमा जमिनको ठूलो क्षेत्र जलमग्न भएको छ ।बाढीले देशको ठूलो भू-भागमा बस्तीहरू, बाली, सडक र राजमार्गहरूमा व्यापक क्षति पुऱ्याएको बताइएको छ ।

बङ्गलादेशको अन्तरिम सरकारका प्रमुख सल्लाहकार मुहम्मद युनुसले आइतबार सबै सरोकारवालाहरूलाई अलपत्र परेका मानिसहरूलाई उद्धार गर्न, आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्न र बाढी पीडितहरूका लागि हरसम्भव सहयोग गर्न आफ्नो बलियो प्रयास जारी राख्न आग्रह गर्नुभयो ।अधिकारीहरूले उद्धार कार्यहरू सञ्चालन गर्न, राहत सामग्री वितरण गर्न र करिब पाँच लाख बाढी प्रभावित मानिसले आश्रय लिएका केन्द्रहरूको निरीक्षण गर्न विपद् प्रतिकार्य बलका टोलीहरूलाई पठाएका छन् ।

बङ्गलादेशमा आएको बाढीका कारण उत्पन्न भएको महत्त्वपूर्ण चुनौतीको सामना गर्दै बङ्गलादेशस्थित चिनियाँ दूतावासले आइतबार फेनीको सबैभन्दा बढी प्रभावित क्षेत्रमा तयारी खाना, पिउने पानी र जीवनयापनका अत्यावश्यक सामग्री उपलब्ध गराएको छ ।

# माग अनुसार मत्स्य विकास केन्द्रले माछाका भुरा उत्पादन गर्न सकेन



गोदावरी । गोदावरी नगरपालिका-५ गेटास्थित मत्स्य विकास केन्द्रले गत आर्थिक वर्षमा चार करोड २४ लाख माछाका भुरा बिक्री गरेको छ । गत आव २०८०/८१ मा सिल्भर र विगहेड जातका माछा दुई सय २४ किलो, कमन, ग्रास, रहु, नैनी र भाकुर जातका सात सय ५२ किलो माछा बिक्री गरेको केन्द्रले जनाएको छ। माछा, भुरा उत्पादन बिक्री गरेर रु ५३ लाख ६२ हजार आम्दानी गरेको केन्द्रका सूचना अधिकारी सरोजराज रेग्मीले बताउनुभयो ।

केन्द्रले ग्रास, सिल्भर, कमन, बिगहेड, रहु, नैनी र भाकुर जातका ह्याचलिङ, फ्राइ, फिगरलिङ, एडभान्स फिगरलिङ र इयरलिङ साइजका भुरा सहुलियत दरमा किसानलाई बिक्री गर्दै आएको छ। केन्द्रबाट सुदूरपश्चिमका नौ जिल्ला एवं बर्दिया, सुर्खेत, दाङसम्मका किसानले भुरा खरिद गर्ने गरेका छन् । भुरासँगै विभिन्न जातका माछा पनि उत्पादन गरी केन्द्रले बिक्री गर्दै आएको सूचना अधिकारी रेग्मीले जानकारी दिनुभयो ।

माछापालन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरेको केन्द्रले प्रतिगोट २५ पैसादेखि ७५ पैसासम्म किसानलाई उपलब्ध गराउँदै आएको जनाएको छ। केन्द्रले अघिल्लो आव २०७९/८० मा भुरा बिक्री गरेर रु ५२ लाख आम्दानी भएको जनाएको छ। मत्स्य विकास केन्द्रले वार्षिक करोडौँको संख्यामा भुरा उत्पादन गरे पनि किसानको मागलाई पुर्याउन नसकिएको सूचना अधिकारी रेग्मीको भनाइ छ।

केन्द्रमा रहेको पुरानो संरचना र जनशक्ति अभावका कारण माछाका भुरा उत्पादन बढाउन सकेको छैन । माछाको भुरा उत्पादन गर्न थप ह्याचरी, जनशक्ति र केमिकलको व्यवस्था गर्न आवश्यक रहेको केन्द्रले जनाएको छ । पुराना पोखरीको मर्मत, नयाँ पोखरी निर्माण र नयाँ ह्याचरी थप गर्नसके मागको ७५ प्रतिशत भुरा उपलब्ध गराउन सकिने रेग्मीले बताउनुभयो। मत्स्य विकास केन्द्रको २० बिघा जमिनमध्ये १२ बिघामा मात्र पोखरी बनाइएको छ। ती पोखरीमा पालिएका माउ माछाबाट केन्द्रले फागुनदेखि भदौसम्म प्रजनन गराएर सात जातका भुरा उत्पादन गर्दै आएको छ ।रासस

# अनुत्पादक क्षेत्रमा खर्च हुँदै 'रेमिट्यान्स'




अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-१० का वसन्त रानाभाटको २०८० फागुन १३ गते दुबईमा मृत्यु भयो । उहाँको मृत्यु भएपछि श्रीमती लक्ष्मी केसी रानाभाटले नगरपालिकामा क्षतिपूर्तिका लागि निवेदन दिनुभयो । नगरपालिकाको रोजगार शाखाले उहाँलाई रु सात लाख क्षतिपूति दियो ।

सन्धिखर्क नगरपालिका-७ का मधुकुमार केसीको २०८० पुस ८ गते मृत्यु भयो । उहाँकी श्रीमती निमकला केसीले पनि क्षतिपूर्ति माग गरी सन्धिखर्क नगरपालिकामा निवेदन दिनुभयो र उहाँले पनि रु सात लाख प्राप्त गरिन् । अर्घाखाँचीका ५५ हजारभन्दा बढी मानिस श्रम स्वीकृति लिएर विदेशमा काम गर्न गएका छन् । युरोप, अमेरिका, अष्ट्रेलिया, जापानलगायत देशमा जाने युवायुवतीको सङ्ख्या यसमा समावेश गरिएको छैन । गैरकानुनी ढङ्गले जाने, प्रक्रिया पूरा नगरी वा पर्यटन भिसामा जाने तथा अध्ययन भिसामा जानेहरुको तथ्याङ्क कतै भेटिँदैन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको साझेदारीमा काम गरिरहेको सुरक्षित आप्रवासनका लुम्बिनी प्रदेश संयोजक जियाउल हकका अनुसार पछिल्लो तीन वर्षमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका अर्घाखाँचीका ४७ जनाले ज्यान गुमाएको तीमध्ये नौजनाको यसै वर्ष मृत्यु भएको हो । ७४ जना गम्भीर बिरामी परेका तथा अङ्गभङ्ग भएका छन् । अर्घाखाँचीबाट आर्थिक वर्ष २०७९/८० मा छ सय ३३ महिलासहित नौ हजार पाँच सय २६ जना रोजगारीका लागी विदेश गएका थिए । चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म आठ हजार एक सय ७५ जनाले वैदेशिक रोजगारीका लागि देश छाडेको सुरक्षित आप्रवासनका अर्घाखाँची शाखाका सहजकता अम्बिका बेल्वासेले बताउनुभयो ।

अर्घाखाँचीमा अहिलेसम्म वैदेशिक रोजगारीसम्बन्धी ठगीका १० वटा उजुरी परेका छन् । यीमध्ये चार उजुरीको छिनोफानो भएको छभने छवटा प्रक्रियामा रहेका छन् । ठगी गर्नेहरुबाट रु १० लाख ४६ हजार पीडितलाई फिर्ता गराइएको प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले बताउनुभयो । आव २०६३/६४ सालयता गएको वैशाख मसान्तसम्म ७७ लाख २० हजार सात सय आठजनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उल्लेख रहेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए । गत आव २०७९/८० मा सात लाख ७१ हजार तीन सय २७ जना रोजगारीका लागि विदेश गएका थिए । यो सङ्ख्या गएको १७ वर्षयताको उच्च हो । चालु आवको ज्येष्ठ मसान्तसम्म छ लाख नौ हजार छ सय ९९ जना कामका लागि विदेश गएका थिए । अहिलेसम्म विदेश जानेहरुमध्ये ९३ प्रतिशत मलेसिया तथा खाडी मुलुकमा गएका छन्भने बाँकी सात प्रतिशत जापान, बहराइन, कोरिया, क्रोएसियालगायत देशमा छन् ।

विदेशबाट पठाएको पैसाको ७२ प्रतिशत रकम घर खर्चमा गएको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ । यस्तै, १५.८ प्रतिशत रकम ऋण तिर्न, ४.६ प्रतिशत छोराछोरीको अध्ययन र १.९ प्रतिशत रकम घरजग्गामा खर्च भएको छ। यसको १.९ प्रतिशत रकम बचत गरिएको छ। नेपालभरका ५६ प्रतिशत घरपरिवार र लुम्बिनी प्रदेशका ८९.६ प्रतिशत घरपरिवारले 'रेमिट्यान्स' प्राप्त गर्छन् ।

अर्घाखाँची विदेशबाट पैसा आउने जिल्लामध्ये अग्रपङ्क्तिमा आउँछ तर त्यो पैसा उत्पादनशील क्षेत्रमा लगाउने वातावरण नहुँदा श्रम बेच्ने मानिस उत्पादन गर्ने काम मात्र भइरहेको छ। साथी बचत तथा ऋण सहकारी र अर्घाखाँची जिल्ला बचत तथा ऋण सहकारी सस्थाले दुई वर्षअघि गरेको अनौपचारिक सर्भेक्षणअनुसार जिल्लामा भित्रिएको रेमिट्यान्स (विप्रेषण) को ८० प्रतिशत रकम विलासिता र अनुत्पादक क्षेत्रमा खर्च हुन्छ।

स्थानीय सरकारले व्यवसाय र स्वरोजगारमुखी कार्यक्रम ल्याउन नसक्दा पनि रेमिट्यान्सको पैसो बाहिर जाने गरेको छ। केही गर्ने खालको युवा जनशक्तिलाई अर्काको देश पठाएर आएको पैसोको सदुपयोग गर्ने खालको योजना कुनै पनि पालिकाको छैन ।वार्षिक झन्डै रु साढे सात अरब अर्घाखाँची भित्रने गरेको छ। त्यसमध्ये तीन अर्ब अर्थात् ४० प्रतिशत रकम दैनिक उपभोग्य सामग्री, खानपान, मोटरसाइकल, कार, इन्धन, लत्ताकपडा, मोबाइल, सञ्चार तथा टेलिफोनमा खर्च हुने गरेको छ। ४० प्रतिशत रकम अर्थात् तीन अर्ब उत्पादन नहुने क्षेत्र अर्थात् घडेरी र घरमा खर्च हुने गरेको अर्घाखाँची जिल्ला बचत सहकारी संस्थाका अध्यक्ष तथा साथी बचत तथा ऋण सहकारीका अध्यक्ष प्रकाश भुसालले बताउनुभयो । उनका अनुसार जिल्ला सदरमुकाम, कपिलवस्तुका विभिन्न भाग तथा रुपन्देहीको बुटबल, भैरहवा, दाङ, चितवन र काठमाडौँमा घर घडेरी किन्नेमा खर्च भएको छ।

विदेशबाट आएको रकमको २० प्रतिशत मात्र कृषिफार्म, सानाहोटल, किरानापसल र ट्याक्सी तथा वस जस्ता उत्पादनशील क्षेत्रमा खर्च भइरहेको छ। तर यस्तो व्यवसाय गर्नेहरुले पनि बीचैमा व्यवसाय छाडने गरेका छन् । वैदेशिक रोजगारीमा गएका युवाले कमाएको पैसा विलासिता र दैनिक उपभोग्य सामग्रीमा खर्च भएकाले उक्त रकम उत्पादनमूलक कार्यमा खर्च गर्नुपर्ने खालको नियम नै बनाएर अगाडि बढ्न सकेमा मात्र उत्पादनशील क्षेत्रमा खर्च हुने सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो ।

वैदेशिक रोजगारीमा युवाहरुलाई जानबाट रोक्न स्थानीय सरकारहरुले पनि काम गरिरहेका छन् । विदेशबाट फर्किएर गाउँमै कृषि र पशुपालन गर्ने युवाहरुलाई नगरपालिकाले प्राविधिक सहायताका साथै विभिन्न अनुदानका कार्यक्रम पनि सञ्चालन गरिरहेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताउनुभयो । परम्परागत कृषि पेसालाई आधुनिक र प्रविधियुक्त बनाउन मिनीटिलर, कुटानी-पिसानी मिललगायत सामग्रीहरु किसानलाई हस्तान्तरण गरेको छ। विभिन्न तरकारीका बीउ, मल आदि पनि प्रदान गर्दै आएको छ।

अर्घाखाँचीको शितगङ्गा नगरपालिकाले कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य र भौतिकपुर्वाधारलाई प्राथमिकतामा राखेर आगामी बर्षको नीति तथा कार्यक्रम र बजेट ल्याएको छ। आगामी आव २०८१/८२ को लागि रु ८६ करोड ८६ लाख ९० हजारको बजेट ल्याएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो । शितगङ्गा कृषि, पशुपालनको लागि सम्भावना राम्रो भएको नगर हो । तराईका जिल्लासँग सिमाना जोडिएको यहाँको उत्पादन बुटवल, कपिलवस्तु, दाङसहित भारतीय सीमानाका कृष्णनगर हुँदै भारत निर्यात हुन्छ ।जङ्गली मौवाको फूल, स्थानीय रैथाने बाली र फलफूलबाट बनाइने रक्सीको ब्रान्डिङ गरिने लक्ष्य रहेको योजना अधिकृत नुमलाल खनालको भनाइ छ । शितगङ्गा नगरपालिकाले कृषिजन्य बस्तु उत्पादन र बजारीकरणका लागि नयाँ योजना सञ्चालन गरेको छ। प्रत्येक वडामा कृषि सङ्कलन केन्द्र निर्माण गरिने पालिकाले जनाएको छ ।रासस

# बन्दीपुरमा तीज सप्ताहव्यापी उत्सव गरिँदै

डुम्रे । जिल्लको बन्दीपुरमा यही भदौ १५ देखि २२ गतेसम्म सप्ताहव्यापी 'तीज सप्ताहन्न उत्सव' गरिँदै छ। पछिल्लो समय तीजमा गाइने गीतमा विकृति समावेश हुँदै आएकाले परम्परागत संस्कृति र कलाको संरक्षण गर्ने उद्देश्यले 'तीज सप्ताहन्न उत्सव' आयोजना गर्न लागिएको हो ।

यहाँ आयोजित पत्रकार सम्मेलनमा तीजका महिमा गाइने गीतमा अनेकन विकृति समावेश हुँदा हाम्रा परम्परागत गीत लोप हुनसक्ने भएकाले बृहत् रुपमा प्रतियोगिता गरी संस्कृति तथा तीजको महिमाको संरक्षण गर्न सप्ताहन्न उत्सव गर्न लागिएको कार्यक्रम संयोजक किरण पोखेलले जानकारी दिनुभयो । "नेपाली नारीहरुको महान् पर्व तीजका अवसरमा गाइने तीज गीतमा विकृति समावेश हुँदै आएको छ। हाम्रा मौलिक कला, संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले बन्दीपुरमा यही भदौ १५ देखि २२ गतेसम्म महोत्सव गर्न लागेका हौँ", उहाँले भन्नुभयो ।




पोखेलका अनुसार हरेक दिन बन्दीपुर क्षेत्रका विभिन्न जातजातिका सांस्कृतिक झाँकी, आमा समूह, क्लब, विद्यार्थीहरुको प्रतिभा प्रदर्शन गरिने छभने प्रत्येक दिन राष्ट्रिय तथा स्थानीय कलाकारको विशेष प्रस्तुति रहनेछ । उहाँले भन्नुभयो, "भविष्यका लागि हाम्रा संस्कार, संस्कृति, परम्परालाई संरक्षण गर्नुपर्छ । तीज गीतमा आएको विकृतिलाई निरुत्साहित गर्न यस्तो कार्यक्रमसहितको प्रतियोगिता गर्न लागिएको हो ।" बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले यहाँ सबै किसिमका पर्यटक आउने भएकाले पर्यटन प्रवर्द्धन गर्न कार्यक्रमले सहयोग पुग्ने विश्वास लिनुभयो । उहाँले धार्मिक एवं पर्यटकीय तवरबाट पनि कार्यक्रमले बन्दीपुरको प्रचारप्रसार गर्ने उहाँले बताउनुभयो ।

प्रतियोगितामा प्रथम हुने समूहलाई रु एक लाख एक हजार, द्वितीयलाई रु ७५ हजार, तृतीयलाई रु ५० हजार र सान्त्वना हुने समूहलाई रु २५ हजार प्रदान गरिने सञ्चालक हरिदत्त पौडेलले जानकारी दिनुभयो । उहाँले प्रतियोगिताका लागि तीन देखि १५ जनासम्मको समूह हुनुपर्ने, समूहमा सबै महिला अनिवार्य गरिएको बताउनुभयो । वाद्यवादनको सामग्री आफैँले व्यवस्था गर्नुपर्नेछ भने हरेक समूहलाई बढीमा १५ मिनेटको समय दिइनेछ । प्रतियोगितामा भाग लिन समूह दर्ता शुल्क रु दुई हजार लाग्ने आयोजकले जनाएको छ। प्रतियोगितामा छनोट, क्वाटर फाइनल, सेमिफाइनल र फाइनल चरण हुनेछन् ।

साथै 'बृहत् खुल्ला तीज गीत प्रतियोगिता', तीज सांस्कृतिक कन्सर्ट, तीज महिमा प्रवचन समेत प्रस्तुत गरिने कार्यक्रम संयोजक पोखेलले जानकारी दिनुभयो । यहाँ रहेका धार्मिक शक्तिपीठ सिद्देश्वर महादेव, खड्गदेवी मन्दिर, बिन्दबासिनी मन्दिर, तिनधारे ज्योतिर्लिङ्ग, सन्तानेश्वर महादेव, चामुण्डादेवी माई, थानीमाई मन्दिर, पुरानकोट देवीलगायत देवीको दर्शन गराउने र महिमा एवं शक्तिबारे परिचित गराउने कार्यक्रम रहेको उहाँले बताउनुभयो ।

उत्सवमा १० हजार बढी सांस्कृतिक पर्यटक भित्र्याउने लक्ष्यका साथ बन्दीपुरमा कार्यक्रम गर्न लागिएको भन्दै कार्यक्रम सात सय वर्षभन्दा लामो धार्मिक एवं प्राचीन मन्दिर 'माँ खड्गदेवी' प्राङ्गणमा हुने बन्दीपुर केवलकारका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो । तीज गीत प्रतियोगितामा कम्तीमा ५० समूहको सहभागिता रहने अपेक्षा गरिएको उहाँले बताउनुभयो । तीज सप्ताहन्न उत्सवमा चर्चित कलाकारले सांस्कृतिक प्रस्तुति दिँदै बन्दीपुरलाई गुन्जाउने उद्देश्य रहेको उहाँको भनाइ छ।

कार्यक्रममा राष्ट्रिय कलाकारहरु प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, हरिदेवी कोइराला, शर्मिला गुरुङ, लक्ष्मी न्यौपाने, सुनिता नेपाली, शान्ता डोटेल, सीता परियारलगायत स्थानीय कलाकारको पनि प्रस्तुति रहने आयोजकले जनाएको छ। प्रतियोगिताको फाइनल चरणमा तीजे दोहोरी हुनेछ । सो अवसरमा बन्दीपुर केबलकारले केबलकारको सवारीमा सांस्कृतिक पर्यटकका लागि विशेष छुट दिनेसमेत घोषणा गरेको छ।

बन्दीपुर गाउँपालिकाको संरक्षकत्व र बन्दीपुरमा रहेका सामाजिक सङ्घसंस्था, बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल सङ्घ, तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर इकाइ, रेवान जिल्ला बार एसोसिएसन, बन्दीपुर गाउँपालिका पर्यटन एवं संस्कृति विभाग, सामुदायिक होमस्टे महासङ्घ बन्दिपुर, आर केडी महिला उद्यमशील क्लब र बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडको संयुक्त आयोजनामा खुल्ला तीज गीत प्रतियोगिता आयोजना गर्न लागिएको हो ।रासस

# क्यान्सर अस्पतालमा 'बोनम्यारो प्रत्यारोपण सेवा' को तयारी

चितवन । यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा युनिट निर्माणको तयारी गरिएको छ । चीन सरकारको सहयोगमा उक्त सेवा सञ्चालनको तयारी गरिएको हो ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार सेवा सञ्चालनका लागि भवन निर्माण, उपकरण खरिद र जनशक्तिलाई तालिमसमेत चीन सरकारले व्यवस्थापन गर्ने छ। यसअघि नेपाल सरकारसँग यससम्बन्धी सम्झौता भइसकेको भन्दै उहाँले सन् २०२४ को अन्तिमदेखि भवन निर्माण सुरु हुने बताउनुभयो ।

गत वैशाख १३ गते स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेल र चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टरनेसनल डेभलेपमेन्ट को-अपरेसन एजेन्सी) का प्रमुख लियु झाओ हुईले यससम्बन्धी सम्झौतामा हस्ताक्षर गरिसक्नुभएको निर्देशक डा पौडेलले जानकारी दिनुभयो । सम्झौतामा 'चीन सरकारले बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा सञ्चालनका लागि सहयोग गर्नेछ' भन्ने उल्लेख छ । त्यसका लागि संरचना निर्माणदेखि चिकित्सकलाई सैद्धान्तिक र प्राविधिक तालिमसम्मका लागि चीनले आर्थिक सहायता उपलब्ध गराउने सहमति भएको उहाँले बताउनुभयो।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालका अनुसार चिनिया टोली यहाँ आएर भवन निर्माणस्थलको अनुगमन गरेर गइसकेको छ । उहाँले हालको प्रशासन भवनको पछाडि रहेको जग्गा छनोट गरिएको बताउनुभयो। उपनिर्देशक नेपालले ठाउँको छनोट भइसकेको भन्दै उक्त ठाउँको माटो परीक्षणको काम समेत चिनियाँ टोलीले गरिसकेको जानकारी दिनुभयो । आफूहरुले स्थान दिने, पानी र बिजुलीको व्यवस्थापनलगायत स्थानीय समन्वय गर्ने बताउँदै उपनिर्देशक नेपालले भन्नुभयो, "भवन निर्माणदेखि उपकरण खरिद र जनशक्तिलाई तालिमसम्मको काम चिनियाँ सहयोगमा हुन्छ । भवनको डिजाइन, प्रविधि सबै चिनियाँले गर्ने सहमति भएको छ।"

नेपालमा फाट्टफुट्ट काठमाडौँमा 'बोनम्यारो' प्रत्यारोपणको काम हुने भए पनि छुट्टैयुनिट बनाएर गर्न लागिएकोयो पहिलो भएको उपनिर्देशक नेपालको भनाइ छ। बोनम्यारो प्रत्यारोपण युनिट पाँच शय्याको हुने उहाँले जानकारी दिनुभयो ।कार्यकारी निर्देशक डा पौडेलले निर्माण सुरु भएको एक वर्षमा भवन सम्पन्न हुने जनाउँदै त्यसलगत्तै सेवा सञ्चालन हुने बताउनुभयो । भन्नुभयो, "चिनियाँ आफैँले निर्माण गर्ने भएकाले काम छिटो हुन्छ ।" उपकरण खरिद पनि चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्थाले गर्ने भएकाले झन्झटिलो नहुने भन्दै उहाँले भवन निर्माण सम्पन्न भएलगत्तै उपकरण जडान गरेर सेवा सञ्चालन हुने बताउनुभयो।



कार्यकारी निर्देशक डा पौडेलका अनुसार भवन निर्माण र उपकरण खरिदपछि यहाँका जनशक्तिलाई तालिमसमेत चिनियाँ टोलीले उपलब्ध गराउने छ । उहाँले भन्नुभयो, "सम्पूर्ण तयारी पूरा गरेर अस्पताललाई हस्तान्तरण गर्ने हो । यो अस्पतालको निर्माणसमेत चिनियाँ सरकारको सहयोगमा भएको हो।"रासस

# मिडिया सङ्ग्रहालयप्रतिको आकर्षण बढ्दो

काठमाण्डु । रासस मिडिया सङ्ग्रहालयप्रति अवलोकनकर्ताको आकर्षण बढ्दो छ । मिडिया सङ्ग्रहालय सञ्चालन भएको दिनदेखि विज्ञ, सरोकारवाला अवलोकनका लागि आउन थालेका छन् । राससले विगतलाई जगेर्ना गर्ने सन्दर्भमा कार्यालयको एउटा कोठामा ६३ वर्षको इतिहासलाई सङ्ग्रह गरी रासस मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको हो । सङ्ग्रहालयको गत साउन ३२ गते सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उद्घाटन गर्नुभएको थियो ।



मिडिया सङ्ग्रहालयको अवलोकनकर्ता अधिकांशले राससले अतीत जगेर्ना गर्दै नेपाली पत्रकारिताको इतिहास अध्ययन अनुसन्धान गर्ने नयाँ आयाम थपिएको प्रतिक्रिया दिएका छन् । नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले रासस मिडिया सङ्ग्रहालय आफैमा ऐतिहासिक रहेको बताउनुभयो । उहाँले पत्रकारिताका विद्यार्थीका लागि अध्ययन र अनुसन्धान गर्न संग्रहालय उपयोगी हुने प्रतिक्रिया दिनुभयो ।

"राससले सञ्चालनमा ल्याएको मिडिया सङ्ग्रहालय सञ्चारकर्मी भएको नाताले पत्रकारिताका विद्यार्थीकालाई अति उपयोगी छ", सङ्ग्रहालयको अवलोकनपछि उहाँले भन्नुभयो, "राससले जुन प्रयास गरेको छ, यो अत्यन्तै सराहनीय छ। यसका लागि राससको नेतृत्व र व्यवस्थापनलाई आभार व्यक्त गर्दछु ।"यो सङ्ग्रहालय नेपालको पहिलो मिडिया सङ्ग्रहालयका रुपमा रहेको राससले जनाएको छ । आजको 'डिजिटल' युगमा आफूलाई समयानुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले हरसम्भाव प्रयास गरिरहेको छ । 'कन्टेन्ट' सुधार, समाचारमा गुणस्तर अभिवृद्धिका साथै सेवा विविधीकरणमा पनि राससले उल्लेखनीय काम गरिरहेको छ।

विसं २०१८ देखि मिडियासँग जोडिएका समाचारसँग सम्बन्धित उपकरणको सङ्कलन गरी सङ्ग्रहालयमा सङ्ग्रहित गरेको छ । यसले पत्रकारिताका अध्येता, सञ्चारकर्मीका लागि पत्रकारिताको विगतको अध्ययन अनुसन्धान गर्न महत्वपूर्ण सहयोग पुग्ने अध्यक्ष लम्सालको भनाइ छ । "राससले आफ्नो इतिहास मात्रै हैन, पत्रकारिता क्षेत्र र सञ्चारकर्मको कसरी विकास भएको थियो भनी एकै थलोमा सामग्री सङ्ग्रहित गरेको छ, यो उत्कृष्ट छ, पत्रकारिताका विद्यार्थीले एकपटक आएर अवलोकन गर्नैपर्ने हुन्छ", अध्यक्ष लम्सालले भन्नुभयो।

काभ्रेका पत्रकार कपिल कोइरालाले सामाजिक सञ्जालमार्फत जानकारी पाएर कौतुहलता जागेकाले रासस मिडिया सङ्ग्रहालय अवलोकन गर्न आइपुगेको बताउनुभयो । उहाँले पत्रकारिता गर्ने क्रममा विगतमा प्रयोग भएका सामग्री नवीन र रोचक लागेको प्रतिक्रिया दिनुभयो। "रासस मिडिया सङ्ग्रहालयको अवलोकन गरेँ, मैले पत्रकारिता सुरु गर्नुभन्दा अगाडि प्रयोग भएका सामग्री प्रदर्शनीदेखि राससको पहिलो समाचारलगायत धेरै नौला कुराहरुको साक्षी बन्न पाइयो", उहाँले भन्नुभयो, "म पत्रकारिताको विद्यार्थी भएको नाताले अरूलाई राससको इतिहासबारे थप विषयवस्तु प्रस्तुत गर्न सहज हुनेछ, आगामी दिनमा यसलाई विस्तार गर्दै लैजानुपर्छ ।"

राससको समाचार बुलेटिन समयक्रमअनुरुप कसरी परिष्कृत र परिमार्जित हुँदै आए, समाचार लेखनशैलीको फरक आदि विषयलाई पनि समेटेको खण्डमा थप प्रभावकारी बन्ने उहाँको सुझाव छ ।दैनिकी डटकमका सम्पादक माधवप्रसाद तिवारीले सीमित स्रोत साधनबीच राससले सञ्चारकर्मका विगतका सामग्रीलाई सङ्कलन गरेर सराहनिय कार्य गरेकाले रासस व्यवस्थापनलाई धन्यवाद दिनुभयो । "सीमित बजेटमा पनि राससले राम्रो कामको सुरुआत गरेको छ, यसलाई आगामी दिनमा थप विस्तार गर्दै लैजानुपर्छ", उहाँले भन्नुभयो, "मिडियाका विद्यार्थी र पत्रकारितामा सक्रियहरुका लागि सङ्ग्रहालयका सामग्री सान्दर्भिक छन्, राससको इतिहासबारे अध्ययन गरेकालाई उपकरण र सामग्रीको साक्षात्कार गर्न पाउँदा थप सान्दर्भिकता बढेको छ।"

कोशी प्रदेशका मुख्यमन्त्रीका प्रेस सल्लाहकार विक्रम लुइँटेलले मिडिया सङ्ग्रहालयबाट विगतका प्रविधि बुझ्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । सञ्चारकर्मी तथा नाट्यकर्मी विजय विस्फोटले नेपाली पत्रकारिताको इतिहास अध्ययन गर्ने र बुझ्न चाहनेका लागि सङ्ग्रहालय उपयोगी हुने बताउनुभयो। राससका पूर्वप्रमुख समाचारदाता तीर्थप्रसाद भट्टराईले रासस र मिडियाको इतिहासलाई जीवन्त तुल्याउन सङ्ग्रहालय सान्दर्भिक हुने प्रतिक्रिया दिनुभयो । राससले स्थापनाको ६३ वर्षे आरोह-अवरोह पारगर्दै समयसापेक्ष सेवालाई छरितो र प्रविधियुक्त बनाउने जमर्को गरिरहेको छ । विसं २०१८ मा काठमाडौँको नयाँसडकको एउटा कोठाबाट सुरुआत भएको रासस अहिले सुविधायुक्त भवनबाट सञ्चालन भइरहेको छ।

एउटै कोठामा राससको इतिहास मात्रै नभई पत्रकारिता क्षेत्रमा देखिएको परिवर्तन र विकासक्रम देख्न सकिने भएकाले पत्रकारिता क्षेत्रका प्राध्यापक, सरोकार भएका व्यक्ति एवं जानकारहरु 'पत्रकारिताका बारेमा जानकारी राख्नेका लागि सङ्ग्रहालय कोसेढुङ्गा' भएको बताउनुहुन्छ ।राससले आफ्नो सेवालाई क्रमशः विविधीकरण गरिरहेको छ । नेपाली समाचारबाट सुरु भएको राससको सेवा अहिले अङ्ग्रेजी र अन्तर्राष्ट्रिय समाचार, फिचर/आलेख/विचार, फोटो, भिडियो, अडियो सेवा हुँदै विसं २०८० माघदेखि अवधि भाषामार्फत मातृभाषाको समाचार सेवा सुरुआत गरेको छ।

राससको सङ्ग्रहालयमा विभिन्न ४६ प्रकारका सामग्री राखिएका छन् । त्यसमा रेडियो, टेलिभिजन, टेलिप्रिन्ट, राससका प्रकाशन सामग्री, पुराना माइकलगायत छन् । रासस स्थापनाको ६३ वर्ष पुगेका अवसरमा प्रयोग गरिएका प्रविधि, उपकरण, सामग्री, समाचारको इतिहास र प्रकाशन सङ्ग्रहालयमा उपलब्ध छ । यी सामग्रीले राससको इतिहास र विकासक्रमलाई बुझ्न सहज हुने विश्वास लिइएको छ ।रासस

# सातौं संविधान पनि असफल हुने नेता महतोको ठोकुवा



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले शासक वर्गको गलत नियतको कारण सातौं पटकको संविधान पनि असफल हुने ठोकुवा गरेका छन् ।

> "दुई ठूला दल आफ्नो स्वार्थ पूरा गर्न गठबन्धन सरकार बनाएको छ", उनले भने, " यो गठबन्धनबाट कुनै उम्मिद छैन । सरकारको अनुभूति गर्न नसकेर जनता निराश छन् ।"

जनकपुरधाम विमानस्थलमा सोमबार सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै पूर्वमन्त्रीसमेत रहेको संयोजक महतोले भने, 'सम्पूर्ण नेपालीका लागि अहिलेसम्म संविधान नै बनेको छैन । आधा बढी नेपालीको प्रतिनिधिलाई बेवास्ता गरी जबरजस्ती संविधान जारी गरिएको थियो । यो सातौं संविधान पनि कुन दिन असफल हुन्छ, ठेगान छैन ।'

उनले व्यवस्था, संविधान र सरकार पटकपटक फेरिए पनि जनताको अवस्था नफेरिएको बताए ।

सरकार रहनु र नरहनुले जनतालाई कुनै फरक नपरेको भन्दै संयोजक महतोले अहिले बनेको सरकारले फरक नपरेको टिप्पणी गरे ।

उनले भने, 'दुई ठूला दल आफ्नो स्वार्थ पूरा गर्न गठबन्धन सरकार बनाएको छ', उनले भने, 'यो गठबन्धनबाट कुनै उम्मिद छैन । सरकारको अनुभूति गर्न नसकेर जनता निराश छन् ।'

संघीय लोकतान्त्रिक गणतन्त्रको ब्यानर राम्रो भए पनि अन्तर विषयवस्तु बेइमानी तथा छलकपटपूर्ण रहेको उनले दाबी गरे ।

# 'मेरो जीवन बचाइ दिने प्रजिअ अर्याल भगवान हुन्'

**टुडे समाचारदाता**

जनकपुरधाम । साउदी अरेबियामा मृत्युदण्डको सजाय पाएका धनुषाको जनकपुरधाम उपमहनगपालिका- १७ का रामआशिष यादव घर फर्केका छन् ।

सोमबार रुपन्देही पुगेर आफूलाई मृत्युदण्डबाट जोगाउन पहल गर्नेहरुसंग उनले भेटघाटसमेत गरेको परिवारजनले जनाएका छन् ।

रुपन्देहीको कञ्चन गाउँपालिका-४ का दुर्गाप्रसाद शर्माको हत्या गरेको अभियोगमा यादवलाई ६ वर्ष साउदीको जेलमा बस्नु परेको थियो । त्यहाँको अदालतले फाँसीको सजाय सुनाइसकेको अवस्थामा पीडित परिवारजनलाई ४६ लाख रुपैयाँस्वरुप ब्लडमनि बुझाएर उनी हालै नेपाल फर्केका छन् ।

नेपाल फर्केपछि उनी ब्लडमनि स्वीकार गर्ने दुर्गाप्रसाद शर्माको परिवार, ब्लडमनि जुटाउन सहयोग गर्ने प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र उद्योगी व्यवसायीहरुसंग भेट्न रुपन्देही पुगेका छन् ।

मृत्युदण्डको सजाय सुनाएको ६ दिन पहिला मृतकको परिवारजनले ४६ लाख रुपैयाँ बुझेपछि यादवले जीवनदान पाएका छन् ।

'साउदी अरबको पात्रो अनुसार दोस्रो महिनाको ११ तारिखमा मैले फाँसी पाउनेवाला थिएँ', सोमबार जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा उनले भने, 'रुपन्देहीका सीडीओ साबले ४६ लाख रुपैयाँ जुटाउन सहयोग गरेर दुर्गा दाइ (साउदीमा हत्या भएका) को मेडमलाई दिएर मिलापत्र गरेको कागज पठाएपछि म नयाँ जुनी पाएर फर्केको हुँ ।'

यादवले आफू साउदीबाट नेपाल आउनेबित्तिकै शर्माको परिवारसंग माफी माग्न, गल्तीको प्रायश्चित गर्न र आफूलाई बचाउन सहयोग गर्ने पीडित परिवार, आर्थिक सहयोग जुटाउन सहयोग गर्ने प्रजिअ अर्याल र रुपन्देहीका व्यापारीहरुलाई धन्यवाद दिए ।



जिल्ला प्रशासन कार्यालयमा आयोजित कार्यक्रममा सहयोगदाता व्यवसायीहरु पनि भेला भएका थिए । श्रीमती र छोरीहरुसहित आएका यादवले भावविभोर हुँदै सबैलाई धन्यवाद ज्ञापन गरे ।

ब्लडमनि जुटाएर आफ्नो ज्यान बचाउन प्रजिअ अर्यालको प्रमुख भूमिका रहेको भन्दै उनले भने, 'एक जना सीडीओले मधेशको गरिब यादवको छोराको जीवन बचाइदियो, मैले उहाँलाई भगवान नै मानेको छु, म फाँसीमा गएको भए मेरी श्रीमती र तीन छोरीको बिचल्ली हुने थियो ।'

आमा-बुबा र तीन छोरीसहित ६ जनाको परिवारको जीविका चलाउन गाह्रो भएपछि यादव सन् २०१२ मा साउदी अरब पुगेका थिए । यादव र शर्मा साउदीमा पुल, सडक आदि बनाउने कन्स्ट्रक्सन कम्पनीमा काम गर्थे । शर्मा इलेक्ट्रिसियन थिए, यादव शुरुमा लेबरको काम गर्थे भने पछि मेकानिक भए ।

शर्मा र यादव करिब ८ महिनासम्म एउटै कोठामा बसे । पछि बस्ने कोठा अलग भए पनि खाना खाने भान्सा भने एउटै थियो । यादवका अनुसार उनीहरुबीच पैसा सापटी लेनदेन पनि भइरहन्थ्यो ।

> "एक जना सीडीओले मधेशको गरिब यादवको छोराको जीवन बचाइदियो, मैले उहाँलाई भगवान नै मानेको छु म फाँसीमा गएको भए मेरी श्रीमती र तीन छोरीको बिचल्ली हुने थियो ।"

६ अक्टोबर सन् २०१८ मा क्यारेमबोर्ड खेल्दा उनीहरुबीच विवाद भयो । क्यारमबोर्डको गोटी खसेपछि सो गोटी टिप्ने क्रममा शर्मा लडेका थिए, पछि आफूले तानेर उठाउन खोज्दा उनको जनै चुँडियो र सोही निहुँमा दुबैबीच झगडा भयो ।

उनीहरुबीच लडाई भयो । झगडा गरिरहेको ठाउँमा निर्माण कम्पनीको छड र जस्तापाताका बण्डलहरु त्यहाँ थियो । शर्मा तिनै छड र जस्तापातामाथि घोप्टो परेर बजारिएर गम्भीर घाइते भए ।

यादवले भने, 'सोही राति दुर्गा दाइको मृत्यु भएको रहेछ, मैले अर्को दिन बिहान मात्र थाहा पाएँ ।' उनले अघि थप्दैं भने, ' हामी दाजुभाइजस्तै मिलेर बस्दै आएका थियौं, कुनै रिसइबी पनि थिएन, रक्सीले नै घटना भयो, दाइको ज्यानै गयो, म पनि ६ वर्ष जेल गएँ ।'

हत्या अभियोगमा साउदीको ताबुक क्रिमिनल कोर्टले सन् २०२० को २० डिसेम्बरमा यादवलाई ५ वर्ष कैद सजायको फैसला गऱ्यो । ५ वर्षपछि दुबै परिवारबीच ब्लडमनिमा सम्झौता नभए मृत्युदण्ड हुने अदालतले फैसला गरेको थियो ।

विपन्न आर्थिक अवस्थाका यादवकी श्रीमती रेणुकुमारीलाई तीन छोरी हुर्काउनै कठिन थियो । उनले ब्लडमनिका लागि पहल गर्न पनि सकिनन् ।

काठमाण्डुस्थित कन्सुलर विभागले चैत १२ गते जिल्ला प्रशासन कार्यालय रूपन्देहीलाई 'ब्लडमनि' वापत सम्झौताका लागि पत्र पठाएको थियो । कन्सुलर विभागले पीडक र पीडितबीच ब्लडमनि सम्झौता भए/नभएको लेखेर पठाउन प्रशासनलाई भनेको थियो ।

प्रमुख जिल्ला अधिकारी अर्यालले यादवलाई बचाउन सकिन्छ कि भनेर चासो लिए । यादवकी पत्नी रेणुका मामा प्रभु यादव रामआशिष यादवलाई माफीको आशासहित रुपन्देही पुगे ।

प्रजिअ अर्याल प्रभुलाई लिएर मृतक शर्माकी श्रीमती सीता शर्माको घर पुगेर मिलापत्रको प्रस्ताव राखे । 'सुरुमा उहाँले मान्नुभएन', प्रजिअ अर्यालले भने, ' हामीले उहाँलाई धेरै प्रकारले आग्रह गऱ्यौं र पछि मनाउन सफल भयौं ।'

पटक-पटकको अनुरोध गर्दा पनि तीन महिनासम्म कुरा मिल्न सकेको थिएन । कञ्चन गाउँपालिकाका अध्यक्ष, जिल्ला समन्वय प्रमुख उमाकान्त चापागाँई, प्रजिअ अर्याललगायतको लगातारको प्रयासपछि शर्माको परिवारले ५० लाख रुपैयाँ ब्लडमनि मागेको थियो ।

५० लाख रकम जुटाउन धनुषामा रहेको यादव परिवारको लागि कठिन नै थियो । प्रजिअ अर्यालले धनुषाका प्रजिअलाई सम्पर्क गरेर यादवका लागि ब्लडमनि जुटाउन जिल्लामै पहल गर्दा सम्भव होला भनेर आग्रह गरे, तर त्यहाँबाट पहल हुन सकेन ।

त्यसपछि प्रजिअ अर्यालले रुपन्देहीमै सहयोग जुटाउन पहल गरे । उद्योग बाणिज्य महासंघ, लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्मा र सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर कुमार श्रेष्ठलगायतसँग उनले कुरा गरे र एउटा कोष बनाउने सल्लाह भएको थियो ।

प्रजिअ अर्यालले ५० हजार, दुई जना सहायक प्रजिअ र रुपन्देहीका सुरक्षा निकायका तीन जना प्रमुखले जनही २५-२५ हजार रुपैयाँका दरले कोषमा जम्मा गरे । जिल्लाका ३० जना उद्योगी व्यवसायीबाट समेत ३६ लाख २५ हजार रुपैयाँ जम्मा भयो ।

रामआशिष यादवकी श्रीमती रेणुकुमारीले १५ धुर खेत, अढाइ धुरको घडेरी र त्यसमा बनेको फुसको घर बेचेर १० लाख रुपैयाँ जुटाइन् ।

कुल ४६ लाख २५ हजार रुपैयाँ मृतक दुर्गा प्रसाद शर्माकी श्रीमती सीतालाई दिएपछि मिलापत्र भएको प्रजिअ अर्यालले बताए ।

# स्थानीय तहले अहिलेसम्म बजेट नल्याउँदा अन्योल कायमै

**टुडे समाचारदाता**

राजविराज । अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को कानूनी व्यवस्था अनुसार असार १० गतेसम्म स्थानीयतहले बजेट ल्याउन सकेको छैन । तर सप्तरीको राजविराज नगरपालिकाले नै समय सीमाभन्दा दुई महिना बढी भइसक्दा पनि बजेट ल्याउन नसक्दा बजेट अन्योलता कायमै देखिएको छ ।

बजेट ल्याउने समय सीमा सकिएको दुई महिनाभन्दा बढी भइसकेको छ । तर पनि आगामी आर्थिक वर्षको बजेट ल्याउने मिति निर्धारण गर्न नसक्दा संघीय अनुदान कटौतिसँगै विकास निर्माणका काम, आन्तरिक आयव्ययमा वृद्धि लगायत काम प्रभावित हुने देखिएको छ ।

त्यस्तै कानुनी व्यवस्थाको अवज्ञा तथा जनप्रतिनिधिको कार्यक्षमताबारे समेत प्रश्न उठन थालेको छ । स्थानीयतहको बजेट साउन १ गतेबाट कार्यान्वयनमा जान्छ, तर भदौं १० गते पार गरिसक्दा पनि राजविराज नगरपालिकाले बजेट ल्याउन सकेको छैन, राजविराज नगरपालिकाका निवर्तमान मेयर शम्भुप्रसाद यादव भन्छन्, 'बजेट समयमा नल्याउँदा अगामी आर्थिक वर्षको बजेट




कार्यान्वयनका लागि गर्नुपर्ने तयारी एकातीर पुग्दैन भने अर्को तिर नगरपालिकालाई आर्थिक नोक्सानी समेत व्यहोर्नु पर्नेछ ।'

आन्तरिक विवाद र तयारी नपुग्दा कानूनी व्यवस्था अनुसार अन्तिम मिति असार १० मा बजेट ल्याउन नसकेका नगरपालिका पार गर्दै त्यसको दुई महिनाभन्दा बढी हुन लाग्दा पनि अहिलेसम्म मिति तय गर्न नसक्नु दुःखद भएको उनको कथन छ ।

यसले गर्दा आउने दिनमा नगरवासीसमेतलाई सास्ती भोग्नुपर्ने हुँदा आफू चिन्तित रहेको उनले बताए ।

समयमै नगरसभा सम्पन्न नभएपछि पालिकाको आर्थिक कारोबार, तलब भुक्तानी, विकास निर्माणलगायतका कामसमेत प्रभावित हुने त्यहाँको कर्मचारीहरु बताउँछन् । जसपा नेपालको बहुमत रहेको पालिकामा उपमेयर ईसरत प्रवीण कार्यबाहकको जिम्मेवारी पाएकी छन् । मेयर भीमराज यादव हाल निलम्बित अवस्थामा छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा उनीविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेपछि निलम्बित छन् । विशेष अदालतले उनको विपक्षमा आदेश दिएपछि अहिले उनी न्याय खोज्दै सर्वोच्चमा पुगेका छन् ।

यसबारे छिट्टै सर्वोच्चको फैसला आउने अड्कल गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङ्गले आन्तरिक तयारी गर्दागर्दै ढिलो हुन गएको बताउँछन् । उनले योजनागत बाँडफाँटको कतिपय विषयमा टुंगो लागिसकेको र केही वडाको सिलिङ्ग तयारी हुँदै गरेको भन्दै छिट्टै नै नगरसभाको मिति तोकिने बताए । स्थानीयवासीले आन्तरिक खिचलो र विभिन्न विवादका कारण बजेट ल्याउन ढिलाइ भइरहेको भन्दै सो विवाद तत्कालका लागि समाधान गरी नगरसभाको मिति अविलम्ब तोक्न माग गरेका छन् ।

# कृष्ण जन्माष्टमीको अवसरमा कलशयात्रा

**टुडे समाचारदाता**

जनकपुरधामाश्रीकृष्णजन्माष्टमीको अवसरमा जनकपुरधाको रेल्वे स्टेसनबाट विशाल कलशयात्रा निकालिएको छ ।

जनकपुरधामस्थित रेल्वे स्टेशन परिसरमा धुमधाम र श्रद्धापूर्वक श्रीकृष्ण जन्माष्टमी मनाइने गरिन्छ । बाजागाजासहित निकालिएको कलशयात्रामा ठूलो संख्यामा महिला तीर्थालुहरुको सहभागिता रहेको थियो ।

श्रीकृष्ण जन्माष्टमी पर्वको अवसरमा मधेशसहित गाउँघरमा सोमबारदेखि नै मेला लागेको छ ।

विभिन्न ठाउँमा भगवान् श्रीकृष्णको माटोको प्रतिमा बनाएर भाद्र कृष्णपक्ष अष्टमी तिथिका दिन कृष्ण जन्माष्टमी पर्व हर्षोल्लासका साथ मनाउने चलन अनुसार यस वर्ष पनि गाउँ गाउँमा मनाइने गरिन्छ ।



भगवान् श्रीकृष्णको लीलामा आधारित माटोको प्रतिमाहरू स्थापित गरेर कृष्ण पर्व मनाउने प्रचलन निक्कै पहिला देखि मिथिलामा रहेको पण्डित गणेश झा जानकारी दिए । मिथिलामा हरेक पर्व तथा उत्सवहरूमा माटोको प्रतिमा बनाएर पूजा गर्ने पहिला देखिकै विशिष्ट चलन रहेको पण्डित आचार्यले जानकारी दिए ।

जनकपुरधामस्थित रेल्वे स्टेसनमा हुँदै आएको श्रीकृष्णको पूजा आरधनाको अर्ध दशक पुगको अवसरमा यस वर्ष पनि भव्यताका साथ श्रीकृष्णजन्माष्टमी मनाइने भएको छ ।

सोमबार मध्यरातमा सबै प्रतिमाहरूमा वैदिक विधि विधान अनुसार पण्डितले मन्त्रोच्चारणसहित प्राणप्रतिष्ठा गर्ने कार्यक्रम रहेको स्टेसन एरिया श्रीकृष्ण युवा कमिटीले जनाएको छ ।

यस अवसरमा जनकपुरधाममा सोमबारदेखि तीन दिनसम्म मेला लाग्ने छ । स्टेशन एरियामा सांस्कृतिक कार्यक्रम पनि रहेको छ । स्टेशन एरियाको लाग्ने मेला भर्नका लागि गाउँ गाउँबाट भक्तजनहरू आउने गरेका छन् ।

# कृषि मिटरको महसुल नगरपालिकाले भुक्तानी गर्ने

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजपुर नगरपालिकाबाट कृषि मिटरको महसुल भुक्तानी गर्ने भएको छ । आर्थिक वर्ष ०८०/०८१ बाट नगरसभाबाट पारित गरेको कृषि मिटरको महसुल नगरपालिकाले भुक्तानी गर्ने भएको छ ।

किसानलाई सहुलियतका लागि रौतहटको राजपुर नगरपालिकाले नगरक्षेत्रमा चलाइएको कृषि मिटरको महसुल रकम भुक्तानी गर्ने भएको छ । नगरक्षेत्रभित्रका किसानले खेतीपातीका लागि जडान गरेको कृषि विद्युत मिटरको महसुल भुक्तानी गर्ने मेयर डा.राजिक आलमले जानकारी दिए ।

कृषि मिटर चलाउँदा किसानले खपत गरेको विद्युतको महसुल नगरको कृषि शाखामार्फत सम्बन्धित किसानका नाममा




विद्युत् प्राधिकरणलाई सोझै भुक्तानी गरिने मेयर आलमले बताए । त्यसका लागि प्राधिकरणसंग नगरको सम्झौता हुँदै छ' उनले भने, 'कृषि मिटर चलाउँदा श्रावण मसान्तसम्मको महसुल नगरले भुक्तानी दिन्छ ।'

कृषि मिटर चलाएका किसानले प्राधिकरणमा मिटर किन्दा लिएको रसिद, ग्राहक नम्बरसहित कृषि शाखामा दर्ता भएपछि त्यसका आधारमा चालू आर्थिक वर्ष ०८०/०८१ को असार मसान्तसम्मको महसुल नगरले प्राधिकरणलाई भुक्तानी दिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुसैख आलमले प्रेस बिज्ञप्तीमार्फत जनाएका छन् ।

कृषि मिटर जडान गरेको प्राधिकरणको तथ्यांक उद्धृत गर्दै मेयर आलमले भने 'किसानले खेतीपाती गर्दा मासिक रूपमा खपत गरेको विद्युत्को बिलअनुसार प्राधिकरणलाई भुक्तानी दिइनेछ ।' सिँचाइको अन्य विकल्प नहुँदा किसानले डिजेलबाट चल्ने पम्पसेटबाट खेती सिँचाइ गर्दै आएका थिए । तर सिँचाइ गर्दा महँगो पर्न जाने किसानको गुनासो गर्दै आएको थियो ।

कृषि विद्युतीकरणबाट सिँचाइ गर्दा कम लागतमा धेरै सिँचाइ गर्न सकिने भएकाले अब सजिलो विद्युत महसुल नगरपालिकाले भुक्तानी गर्ने छ । पालिकाअन्तर्गतका सबै वडामा विद्युत मिटर जडान अभियानसमेत सञ्चालन गरिएको छ ।

नगरसभा बैठकबाट किसानले खेत सिँचाइ गर्दा उठेको महसुल नगरपालिकाले तिरिदिने निर्णय भएको थियो ।

सिँचाइ क्षेत्र विस्तार हुँदा सहज सिँचाइ हुने, कृषि उत्पादन बढ्ने र किसानको लागतसमेत घट्ने भएकाले विद्युत् महसुल नगरपालिकाले व्यहोर्ने निर्णय गरेको नगरपालिकाका मेयर डा. राजिक आलमले बताए ।

# लागू औषधसहित एक महिला पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगञ्जबाट एक महिलालाई लागू औषधसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर हेटौंडा महानगरपालिका-११ भ्याङ टोलकी २३ वर्षीया सुस्मिता परियार रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

उनलाई शनिबार साँझ नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले वीरगञ्ज भन्सार गेटबाट पक्राउ गरेको थियो ।

शंकास्पद अवस्थामा भारतको रक्सौलबाट वीरगञ्जतर्फ पैदल आउँदै गरेकी परियारलाई प्रहरीले रोकी खानतलासी गर्दा उनले तीघ्रामा सेतो टेपले बेरी लुकाईछिपाई राखेको अवस्थामा विभिन्न प्रकारका प्रतिबन्धित लागू औषध फेला परेका थिए ।



आरोपित परियारकी साथबाट नुफिन -१० एम्पलु, फेनारगेन -१० एम्पलु र डाइजपाम-१० एम्पुल फेला परेको थियो । उनीविरुद्ध लागू औषधसम्बन्धी कसुरमा जिल्ला अदालतबाट तीन दिन म्याद थप गरी आवश्यक अनसन्धान कार्य भइरहेको पर्सा प्रहरीको प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए ।

**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं ।**

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८